# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## भिमाद नगरपालिका
## तनहुँ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ५२

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तनहुँ ।

**कैफियत सहितको राय**

हामीले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ५ लाख ७१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.४२ लाख ५६ हजार फर्स्योट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१४ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२९ लाख ६४ हजार र नियमित गर्नुपर्ने रू.१९ लाख १५ हजार रहेको छ । पालिकाको गतवर्ष रु.९० लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६३ लाख ५८ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

भिमाद नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५३ | २४ | १०५७१ | ० | १० | ४२५६ | ५३ | १४ | ६३१५ | १४३६ | १९१५ | २९६४ | ० | ० | ४८७९ | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | ९०४८ | | ९००५ | ४३ | ० | ६३१५ | ६३५८ |

**पुनश्च:** प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश भएकोमा यथाशिघ्र सम्परीक्षण गरी सोको जानकारी गराईने व्यहोरा अनुरोध छ ।

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भिमाद नगरपालिका, तनहुँ , भिमाद नगरपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Tek Nath Dahal | २०७८-११-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Arjun Prasad Paudel | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १०,५७०,५११ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १०,२८,६९,३२४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,७५,५०,७०० | **चालु खर्च** | ३३,७७,२८,८३६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४६,२१,००० | **पूँजीगत खर्च** | १७,९४,८९,३६७ |
| **राजश्व बाँडफाँट** | ९,२१,१४,८३४ | **वित्तीय/अन्य व्यवस्था** | ८,०८,५१,८६६ |
| **आन्तरिक आय** | १,७१,६९,२३७ | | |
| **अन्य आय** | ११,२२,४४,२८४ | | |
| **कुल आय** | ६२,३७,००,०५५ | **कुल खर्च** | ५९,८०,७०,०६९ |
| **बाँकी मौज्दात** | | १२,८४,९९,३१० | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकीकार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारितासह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिताउत्तरदायित्वपारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा४९सभा सदस्य१२९वर्ग किलोमिटर क्षेत्रफल तथा३१३६२जनसंख्या रहेको छ। | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषणनमुना छनौटलिखित प्रतिनिधित्व पत्रलेखापरीक्षण नीति मानदण्डमार्गदर्शननिर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| ३ | | | **वित्तिय प्रतिवेदन** | |

| प्राप्तीभुक्तानी हिसाव | | | |
|---|---|---|---|
| विवरण | यसवर्ष रु. | | |
| | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | 548091334 | 539095603 | 539095603 |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | 522970170 | 506455772 | 506455772 |
| ११००० कर | 95030720 | 101742713 | 101742713 |
| १३००० अनुदान | 409688450 | 397171700 | 397171700 |
| संघीय सरकार | 377551450 | 372550700 | 372550700 |
| प्रदेश सरकार | 32137000 | 24621000 | 24621000 |
| १४००० अन्य राजस्व | 18251000 | 7541359 | 7541359 |
| ख. अन्य प्राप्ति | 25121164 | 32639831 | 32639831 |
| वितरण गर्न बाकी राजस्व | 0 | 0 | 0 |
| कोषहरु | 25121164 | 28156916 | 28156916 |
| धरौटी | 0 | 4482915 | 4482915 |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | 0 | 0 | 0 |
| भुक्तानी (ग+घ) | 647885334 | 517218203 | 517218203 |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | 622764170 | 496385615 | 496385615 |
| २१००० पारिश्रमिक / सुविधा | 204361000 | 185738642 | 185738642 |
| २२००० मालसामान तथा सेवाको उपयोग | 176469170 | 125160616 | 125160616 |
| २५००० सहायता (Subsidy) | 0 | 0 | 0 |
| २६००० अनुदान | 0 | 0 | 0 |
| २७००० सामाजिक सुरक्षा | 5700000 | 5006824 | 5006824 |
| २८००० अन्य खर्च | 1600000 | 990166 | 990166 |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | 234634000 | 179489367 | 179489367 |
| घ. अन्य भूक्तानी | 25121164 | 20832588 | 20832588 |
| कोषहरु | 25121164 | 17291617 | 17291617 |
| धरौटी | 0 | 3540971 | 3540971 |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | 0 | 0 | 0 |
| ङ. यो वर्षको बचत (न्युन) | -99794000 | 21877400 | 21877400 |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | 102869325 | 102869325 |
| वर्षान्तको बाकी रकम (ङ + च) | -99794000 | 124746725 | 124746725 |
| बैंक तथा नगद बाकी | | 128499311 | 128499311 |

अन्तरसरकारी अख्तियारीवाट प्राप्त आम्दानी खर्चको विवरण

| आम्दानी शिर्षक | रकम रु | खर्च/निकासा | रकम रु |
|---|---|---|---|
| स्थानीय पुर्वाधार साझेदारी | ६८३३८६१ | स्थानीय पुर्वाधार साझेदारी | ६८३३८६१ |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ११९८१६२५ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ११९८१६२५ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३७००० | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३७००० |
| सामाजिक सुरक्षा तथा संरक्षण | ९०९५४२९८ | सामाजिक सुरक्षा तथा संरक्षण | ९०९५४२९८ |
| सामाजिक विकास मन्त्रालय | २४३७५०० | सामाजिक विकास मन्त्रालय | २४३७५०० |
| जम्मा | ११२२४४२८४ | जम्मा | ११२२४४२८४ |

४

**लेखापरीक्षणको क्रममा असुली**

लेखापरीक्षणको क्रममा वढी ग्रेड भुक्तानी भएको रु१४४०० असुली भई दाखिला भएको छ।

५

**वित्तिय विवरणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप)म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।

प्रदेश सरकार सर्शत अनुदानको रु६०००००० ।०० को कार्यक्रमध्ये निकासा खर्च रु ५७२८६५६।०० विविध खातावाट भुक्तानी गरिएको देखिन्छ। यसले सोही रकम रकम वरावरको प्रदेश सर्शत अनुदानतर्फ प्राप्ती तथा भुक्तानीमा कमि देखिन्छ। जुन सञ्चित कोष हिसावमा लेखाङ्कन गरिएको छैन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

६

**आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन

· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयवन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।
· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन२०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
· स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नोअधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिकवार्षिकरणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।
· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
· मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।
· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
· सार्वजनिक खरिद नियमावली 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।
· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 7(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
· स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।
· सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
· संस्था दर्ता ऐन२०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्ययअपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्वै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
· यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।
· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेटशशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।
· निजामती सेवा ऐन 2049दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको

· वातावरण संरक्षण ऐन२०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण१०० मि सम्मको पुललिफ्ट सिँचाइसडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको

· स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको

· तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

· कोरोनाको समयमा सुरक्षा मापदण्ड पालना गरे नगरेको अनुगमन गरेको भनि भौ नं ४४९।२०७८।०३।२२ बाट १२ जना कर्मचारीलाई रु १०००। को दरले भुक्तानी गरेको रु १२०००। उचित देखिएन ।

७

**चौमासिक पुँजिगत खर्च**

आर्थिक कार्यविधि नियमावली२०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।कुल पुँजिगत खर्च रु १७ करोड ९४ लाख ८९ हजार खर्च भएकोमा तेस्रो चौमासक मात्र ६०।५५ प्रतिशत खर्च भएको छ भने असारमा ३६।२५ प्रतिशत खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

| क्र.सं. | बजेटउपशीर्षक | बजेट र खर्च | | प्रथमचौमासिक | | दोस्रोचौमासिक | | तेस्रोचौमासिक | | असार महिनाको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | |
| १ | पालिका पुजिगत | २३४६३४ | १७९४८९३ | ३३८५१ | ९९८७ | ११७९६९ | २७४४० | ८२८१३ | १४२०६ | ८५०६५७१२ |

८

**सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा दर्ता ६०१वटामृत्युदर्ता २५० वटानाता प्रमाणित ३९१ वटाघरवाटो शिफारिश ५००वटानागरीकता शिफारिश १०७८वटा वसाइसराइ १४५र अन्य ५२४२वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेदबसाई सराईपञ्जीकरण दर्ता तथा सिफारिश पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीतिकानून तथामापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ

९

**योजना कार्यन्वयन**

– स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलकउत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | 66 | 3539502 |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | 384 | 84126523 |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | 35 | 27754653 |
| ४ | दश लाख एक देखि ५० लाख सम्मा योजना | 9 | 19310493 |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | 2 | 27000000 |
| | जम्मा | | 161731171 |

१०

**रकमान्तर**

स्थानीय सरकार सन्चालन ऐन२०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको कुनै शीर्षकवाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ।जस अनुसार चालुमा रकमान्तरवाट थप गर्न मिल्ने व्यवस्था गरेको देखिदैन। कार्यालय बाट प्राप्त विवरण अनुसार रु ५ करोड ५ लाख ८५ रकमान्तरवाट घटाएकोमा पदाधिकारी सुविधा तथा अन्य शिर्षकमा पुनः रु ५ करोड ५ लाख ८५ हजार थप गरेको देखिएको छ। साथै २७ वटा योजनाहरु बाट बजेट टुक्रा टुक्रा पारी १६५ वटा आयोजना तथा कार्यक्रममा रकमान्तर गरेको छ। ऐन अनुसार चालुमा रकमान्तर गर्न पाइने उल्लेख नभएकोमा चालुमा रकमान्तर गरि अतिरिक्त रकम थप गर्नु उचित देखिएन। चालुमा हुने रकमान्तरमा नियन्त्रण गर्नुपर्दछ।

११

**अवण्डा बजेट**

– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष समपुरकयोजनाहरु, बोर्डको निर्णय अनुसार सडक तथा पुर्वधार निर्माण आदिमा एकमुष्ट बजेट राखी कार्यपालिकाको निर्णयाअनुसार खर्च भएको देखिन्छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|---|
| 1 | समपुरक योजनाहरु | नेपाल सरकार - समानिकरण अनुदान | ८६३ | 7 |
| 2 | समपुरक योजनाहरु | गण्डकी प्रदेश - समानिकरण अनुदान | १२१३७ | ६३१८ |
| | नगर कार्यपालिकाको निर्णयानुसार सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार | नेपाल सरकार - समानिकरण अनुदान | ६००० | ५९९६ |

१२

**अनुगमन तथा भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट

| | | | | |
|---|---|---|---|---|
| | | | रु.२९ लाख ४४ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्यअनुगमन तथा भ्रमण प्रतिवेदनभ्रमण अभिलेखदुरीको विवरणसवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ | |
| १३ | | | **पदाधिकारीलाई दोहोरो यातायात सुविधाः**<br>गाउँसभानगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन२०७६ मा सवारि साधन उपलब्ध नगराएको अवस्थामा पदाधिकारिले अनुसुचि बमोजिमको यातायात सुविधा पाउनेछ।कुनै वडा अध्यक्षले यातायात सुविधा वापत कुनै सवारी साधन वा इन्धन सुविधा पाएको भए यातायात सुविधा वापतको रकम नपाने उल्लेख छ । पालिकाले सवारि साधन प्रयोग गरेको ७ जना जना वडाअध्यक्षहरुलाई मासिक रु १५००।दरले भुक्तानि दिएकोमा प्रति व्यक्ति रु १८०००।ले बढी भुक्तानी भएको १ प्रतिशत कर कट्टी पछी हुन आउने प्रतिव्यक्ति को प्रति व्यक्ति रु १७८२० असुल हुनुपर्ने | १२४,७४० |

| पदाधिकारीको नाम | मासिक भुक्तानि | बढी भुक्तानी |
|---|---|---|
| भुपेन्द्र राज मल्ल | १५०० | १७८२० |
| डम्बर बहादुर राना | १५०० | १७८२० |
| पदम बहादुर थापा | १५०० | १७८२० |
| सुर्य कुमार श्रेष्ठ | १५०० | १७८२० |
| ईमान बहादुर थापा | १५०० | १७८२० |
| बुद्धिमान श्रेष्ठ | १५०० | १७८२० |
| भवानी संकर लम्साल | १५०० | १७८२० |
| जम्मा | | १२४७४० |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **पारिश्रमिक करः**<br>आयकर ऐन२०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाटप्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ ।पालिकाले पदाधिकारीहरुलाई २०७६ कात्तिक देखि २०७८ असार सम्मको २१ महिनाको सेवा सुविधा भुक्तानी दिएकोमा पारिश्रमिक कर कमकट्टा गरेकोले । बाकी कर असुल गर्नुपर्ने रु | २२४,८९७ |

| नाम | बार्षिक आय | करयोग्य आय | तिर्नु पर्ने कुल कर | तिरेको कर | तिर्नुपर्ने बाकी कर |
|---|---|---|---|---|---|
| नगर प्रमुख मेख बहादुर थापा | ८८०५०० | ८८०५०० | ९३६५० | २३३८९ | ७०२६१ |
| नगर उपप्रमुख | १०१७००० | १०१७००० | १३४६०० | ४०६५९ | ९३९४१ |
| वडाअध्यक्ष प्रतिव्यक्ती | ५३९५०० | ५३९५०० | १३४५० | ७७१५ | ५७३६ का दरले ९ जनाको रु ५१६१५ |
| कार्यपालिका सदस्य प्रतिव्यक्ती | ४८२००० | ४८२००० | ७७०० | ६५३५ | ११३५ का दरले ८ जनाको रु ९०८० |
| | | | | जम्मा | २२४८९७। |

१५

**सोझै खरिद**

सार्वजनिक खरिद ऐन२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिनेरु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| | | |
|---|---|---|
| ४७ | मसलन्द सामाग्री ( सुभकामना सप्लायर्स) | ४९२८८९ |
| २२६ | मसलन्द सामाग्री (सुभकामना सप्लायर्स) | ५५८३१५ |
| ३०७ | मसलन्द सामाग्री (भिमाद अफसेट प्रेस ) | ४६२२८३ |
| ३४९ | मसलन्द सामाग्री(शुभश्री स्टेशनरी) | ४०४७०० |
| | औषधि तर्फ | |
| १०७ | सर्जिकल सामाग्री (नेशनल ल्यबरोटरी एण्ड मेडिकल) | १४७२६० |
| १६० | सर्जिकल तथा ल्याब सामाग्री (सगरमाथा सर्जिकल हाउस) | ३४०९५० |
| २४९ | औषधि खरिद (प्रशिद्ध भेट फर्मा) | २२७७२९ |
| ३३८ | औषधि खरिद (माउण्ड अन्नपुर्ण फार्मसि) | ४५०४२० |
| ३४६ | सर्जिकल सामाग्रि खरिद(एभरेष्ट सर्जिकल एण्ड ल्यावरोटरी कन्सन) | २६१२५ |
| ३६० | आयुर्वेद औषधि खरिद(पपुलर आयुर्वेद सन्टर) | ३०००८५ |
| ४३९ | औषधि खरिद(रसिलो आयुर्वेद औषधालय) | १३२०४० |
| ४८३ | औषधि खरिद (एभरेष्ट सर्जिकल एण्ड ल्यावरोटरी कनर्स) | ४९७१५५ |
| ४९४ | आयुर्वेद औषधि खरिद (रसिलो आयुर्वेद औषधालय) | १५४५०९ |
| ४७४ | मसलन्द्र सामाग्रि (भिमाद अफसेट प्रेस फलेक्स प्रिन्ट) | ३७७७०२ |
| | जम्मा | ४५२१६२ |

१६

**कार्यक्रमगत प्रगतिः**

पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पूँजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

| | | |
|---|---|---|
| फलफुल तथा तरकारी विरुवा उत्पादन नर्सरी कार्यक्रम | ५०० | ० |
| अर्गानिक कृषी खेती पर्वर्द्धन कार्यक्रम | १२५० | ० |
| सिप विकास तालिम कार्यक्रम | ५०० | ० |
| वडा नं ८ को वडा कार्यालय भवन निर्माण | ३००० | ० |
| ५० प्रतिशत अनुदानमा मिनि ट्र्याक्टरहार्भेस्टर धान काट्ने मेशिन घाँस काट्ने र टुक्रयाउने मेशिन लगायत अन्य कृषी औजार खरिद तथा वितरण कार्यक्रम | ३४५० | ० |
| नगरपालिका केन्द्र तथा वडा कार्यालयहरुको लागि मेशिनरी औजार खरिद | ८६३ | ० |
| चिहानडाँडा मोहरिया सिद्धगुफा सडक क्रमागत | ५००० | ० |
| चिहानडाँडा मोहरिया सिद्धगुफा सडक भिमाद नपा समपुरक | ७००० | ० |
| डिहिडाँडा करङ्ग बाँध कृषी मार्गको कोर्के ओडार वेवारे करङ्गबाँध खण्ड | ३५० | ० |
| सडक बत्ति (पोल लाइट) जडान कार्यक्रम | ४०० | ० |
| भुङ्गान पोखरी निर्माण योजना | ५०० | ० |
| सिद्ध ज्योती प्रा वी स्थानान्तरण योजना | ६०० | ० |
| चैन पुर देविथान पार्क निर्माण योजना | ३०० | ० |
| सुरक्षित नागरिक आवास कार्यक्रमः- गण्डकी प्रदेश तनहुँ जिल्ला क्षेत्र नं २ अन्तर्गत भिमाद नगरपालिका - १७१ वटा | १५५७ | ० |
| घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन | ५८६ | ० |
| सौर्य उर्जा प्रबिधि जडान | ३०० | ० |
| सुरक्षित नागरिक आवास कार्यक्रम:- गण्डकी प्रदेशको तनहुँ जिल्ला क्षेत्र नं २ अन्तर्गत भिमाद नगरपालिका - १७१ वटा | २१८२ | ० |

१७

**क्षेत्रगत बजेट**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>सि.नं.</td><td>क्षेत्र/उप क्षेत्र</td><td>विनियोजन</td><td>खर्च</td><td>खर्च (%)</td></tr><tr><td>१</td><td>आर्थिक विकास</td><td>५५३३८०८०</td><td>३४६९०३५५</td><td>६२.६९</td></tr><tr><td>२</td><td>सामाजिक विकास</td><td>२९४०४२०९०</td><td>२५३५६९६०२</td><td>८६.२४</td></tr><tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१७४९३४०००</td><td>१३११९२८५३</td><td>७५</td></tr><tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>५८५००००</td><td>४१५४८३५</td><td>७१.०२</td></tr><tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>९२६०००००</td><td>७२७७७९७०</td><td>७८.५९</td></tr><tr><td colspan="2">कुल जम्मा</td><td>६२२७६४१७०</td><td>४९६३८५६१५</td><td>७९.७</td></tr></table> | |
| १८ | | | **एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या**<br>एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ को राजश्व संकेत तथा वर्गिकरण अनुसार राजश्वको लेखा राख्नु पर्दछ । राजश्व बाँडफाँडबाट प्राप्त मूल्य अभिबृद्धी कर र अन्तशुल्क शिर्षकमा प्राप्त रकम जम्मा रु ७०७३४७९७।३५ राजश्व संकेत नंम्वर ११४११ मूल्य अभिबृद्धी करमा नै अन्तशुल्कको रकम समेतलाई लेखांकन गरेको पाईयो । केही सिफारिस दस्तुर जस्ता शिर्षक ब्यवस्था भएको हकमा समेत अन्य राजश्व शिर्षकमा लेखांकन गरेको पाईयो । सम्बन्धित तोकिएको शिर्षकमा लेखांकन गरी यथार्थ चित्रण गरिनुपर्छ । | |
| १९ | | | **सेवा करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरीसवारी चालकमालीवगैचेचौकिदारकार्यालय सहयोगी आदिको पद वाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था रहेको छ। यस सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। तर पालिकाले स्वीकृत दरवन्दी अनुसार स्थायी पदपुर्ति नगरीकरारमा लिइ सेवा सन्चालन गरिरहेको अवस्था छ। आवश्यक कर्मचारी लोकसेवामा माग नगर्ने तथा करारवाटै कार्यालयको काम गराउने प्रवृत्तिले यस वर्ष सेवा करारमा राख्न नपाइने कर्मचारीलाइ मात्र रु ४६०६७५०।भुक्तानी भएको अवस्था थप व्ययभार परेको देखिन्छ। | |

| सि नं | पद | नाम | तलब स्केल | फिल्ड भत्ता | मासिक भुक्तानी | वार्षिक भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | इन्जिनियर | युकेश श्रेष्ठ | ३५९९० | १४३९६ | ५०३८६ | ६४०६२२ |
| २ | सव इन्जिनियर | रोशन सम्राट शाही | २८२०० | ११२८० | ३९४८० | ५०१९६० |
| ३ | सव इन्जिनियर | जिवन काजी बज्राचार्य | २८२०० | ११२८० | ३९४८० | ५०१९६० |
| ४ | सव इन्जिनियर | सन्देश गैरे | २८२०० | ११२८० | ३९४८० | ५०१९६० |
| ५ | सव इन्जिनियर | मिलन तिमिल्सिना | २८२०० | ११२८० | ३९४८० | ५०१९६० |
| ६ | सव इन्जिनियर | विमल राज सेन ठकुरी | २८२०० | ११२८० | ३९४८० | ५०१९६० |
| ७ | सहायक स्तर पाँचौ | ईश्वर कुमार श्रेठ | २६००० | | २६००० | ३३८००० |
| ८ | सकायक पाँचौ | गोविन्द भण्डारी | २६१०० | | २६१०० | ३३९३०० |
| १० | अमिन | सरोज गैरे | २६१०० | | २६१०० | ३३९३०० |
| ११ | खा पा स टे | प्रेम बहादुर खवास | २४००० | १०६४४ | ३४६४४ | ४३९७२८ |
| | | | | | | ४६०६७५० |

२०

**आर्थिक सहायता**

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्नेयस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालु तर्फ नगरप्रमुखको तोक आदेश बमोजिम रकम भुक्तानी गर्ने रु ६ लाख बजेट विनियोजन गरेकोछ भने सो कार्यक्रमबाट ४०१०००। आर्थिक सहायता वितरण गरेको छ।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको देखिन्छ। पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२१

**स्थानिय र प्रदेश कार्यक्रममा एकरुपताः**

गण्डकी प्रदेश सरकारले खानेपानी कार्यक्रम तर्फ एक घर एक धारा नारा को रुपमा नै अगाडी सारी खानेपानी तथा सरसफाइ कार्यालयमार्फत उक्त नारा अनुसारको कार्य अगाडी वढाएको देखिन्छ पालिकाले एउटै र एकै लक्ष्य वोकेका आयोजना ढुङ्गढुङ्गे गाउँ एक घर एक धारा कार्यक्रम मा रु ७ लाख ५० हजार बजेट विनियोजन गरेको देखिन्छ।एकै प्रकृतिका कार्यक्रम२ तहका सरकारले चलाउदा कार्यमा दोहोरोपना हुने सम्भावना रहने हुँदा अन्य सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडी वढाउनुपर्ने देखिन्छ।

२२

**मेयरकप खेलकुद प्रतियोगिता**

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले मेयर कप खेलकुद प्रतियोगितामा रु १५ लाख बजेट विनियोजन गरि रु १० लाख खर्च गरेको छ।२५४।२०७७।१२।०५ बाट मेयर कम खेलकुद प्रतियोगिता कार्यक्रम संचालन मा भएको खर्च केशवराज वाग्ले लाई भुक्तानी दिएको छ। खेलकुद प्रतियोगितामा सहभागि को विवरण नभएको र खर्चको ठुलो रकम खाजा खानाको विल पेश भएको छ ।बढी खर्च भएको शिर्षक खाजा खानामा रु ३१०३५०।खेलकुद पोषाक तथा समाग्रिमा रु २८६५८१।र पुरस्कार वितरणमा रु १४००००। खर्च भएको छ। मेयरकप खेलकुद कार्यक्रममा ठुलो रकम खर्च भएकोमा सामग्री खरिद खाजा खाना आदिमा खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन।कार्यक्रममा खरिद गरिएको विभिन्न सामाग्रीहरु तथा कपडाहरुको जिन्सी दाखिला र वितरणको भरपाई तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>ढुंगा गिटी बालुवा उत्खनन् संकलन तथा बिक्रि वितरण सम्बन्धि देखिएका ब्यहोराहरु</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>प्राकृतिक श्रोतको परिचालनः ढुंगा गिटी बालुवा उत्खनन् र संकलन कार्यको प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवेदन अनुसार निम्न नदी घाटबाट निम्न परिमाणमा उत्खनन् एवं संकलन गर्ने उल्लेख छ ।
<table>
<tr><td>उत्खनन एवं संकलन गर्ने स्थान</td><td>उत्खनन गर्न मिल्ने घनमिटर</td><td>प्रदेश दर प्रति घनमिटर</td><td>राजश्व रु</td></tr>
<tr><td>झकास सेती नदी दाँया किनारा</td><td>१४२५६</td><td>२४७</td><td>३५२४०८३</td></tr>
<tr><td>तल्लो दब्ल्यांग घाट</td><td>५६७०</td><td>२४७</td><td>१४०१६२४</td></tr>
<tr><td>जम्मा</td><td>१९९२६</td><td>२४७</td><td>४९२५७०७</td></tr>
</table>
माथी उल्लिखित घाटको ठेक्का नलागेको देखिन्छ । साथै कार्यालयले आफ्नै जनशक्ति मार्फत सकलन गर्ने प्रयत्न गरेको देखिदैन । यस सम्बन्धमा पालिका राजश्व परामर्श समितिको पनि भुमिका रहेको देखिदैन । स्थानीय राजश्व परामर्श समितिको राय सुझावको आधारमा ठेक्का सुचना अंकमा परिमार्जन तथा संसोधन गरी ठेक्का लगाउने वातावरण निर्माण गरी रु ४९२५७०७। पालिकामा आय प्राप्त हुने वातवरण निर्माण गरिनुपर्दछ । कार्यलयको भनाई अनुसार प्रथम पटक मिति २०७७।९।१० गते र मिति २०७४।१०।२५ मा दोस्रो पटक ठेक्का सुचना निकाल्दा पनि ठेक्का नलागेको साथै कार्यालयमा जनशक्तिको पनि कमि रहेकेले गर्दा राजश्व संकलन नभएको भनाई रहेको छ ।</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>राजश्व छुटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)र(२) मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने ब्यवस्था छ । यस नगरपालिकाले ढुंगा, गिटी, वालुवा उत्खनन् तथा संकलन गरे वापत प्राकृतिक श्रोत उपयोग कर लिन सक्ने ब्यवस्था वमोजिम आर्थिक ऐन २०७७ ले तोकेको दरमा ठेक्का व्यवस्थापन गरी कर असुल गरेता पनि पटके निर्णयको आधारमा वोलपत्र सुचनाको बखत मै ५ प्रतिशत छुट दिने घोषणा गरीएकोले ३ ठेक्का कवोल अंकको रु.१४०९९९६०। को रु.७०४९९८। छुट दिएको देखिन्छ । त्यसैगरी स्थानीय उत्पादन शुल्क एक ठेक्का कवोल अंक रु.४२००५४७। को रु.२१००२७। पटके निर्णयका आधारमा छुट दिएको देखिन्छ । कानुनी मापदण्ड विना यसरी छुट दिएको जम्मा रु. ९१५०२५। नियम सम्मत देखिएन । प्राकृतिक श्रोत उपयोग कर र स्थानीय शुल्कबापत प्राप्त राजश्व प्राप्ती तथा छुटलाई ब्यवस्थित गर्न यस सम्बन्धि कार्यविधी तथा मापदण्ड बनाई लागु गर्नु पर्दछ ।</td><td>९१५,०२५</td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>प्रारम्भिक वातवरणिय परिक्षण प्रतिवेदन ( IEE) भन्दा वढी परिमाणको ठेक्काः प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवदेनमा उल्लेखित परिमाण भन्दा बढी उत्खनन् तथा संकलन एवं बिक्रि वितरण गर्न नपाउने ब्यवस्था संझौतामा उल्लेखित छ । यस गाउपालिकाको कुलुङ खोला घाटबाट २३१३ घनमिटर मात्र उत्खनन् एवं विक्रि वितरण गर्न सक्नेमा २३५८ घनमिटर संकलन गर्न सक्ने गरी रु.६८६९९८। संझौता गरेको देखिन्छ । यसरी ४५ घनमिटर अर्थात १५८० घनफिट प्रारम्भिक वातवरणिय परिक्षण प्रतिवेदन भन्दा बढी परिमाणको ठेक्का संझौता गरेकोले संझौताको समानुपातिक अंशले हुन आउने रु.१३११०। नियम सम्मत् देखिएन । प्रारम्भिक वातवरणिय परिक्षण प्रतिवेदनको पूर्ण पालना गरी पर्यावरणिय विषयमा ध्यान दिई दिगोपनको सुनिश्चितता गर्नुपर्दछ ।</td><td>१३,११०</td></tr>
</table>

| १घ.मि. | ३५.९ घ.फि. | कबोल अंक |
|---|---|---|
| घनमिटर | घन फिट | रु. |
| २३५८ | ८३२०६ | ६८६९९८ |
| २३१३ | ८१६२६ | |
| ४५ | १५८० | १३११० |

| | | | | |
|---|---|---|---|---|
| २३.४ | | | **दोस्रो पटक सुचना निकाली ठेक्का ब्यवस्थापनः** सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८४(३) क मा सुचना प्रकाशन गर्दा तीन भन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश नै नभएमा सो सम्बन्धमा कुनै कुरा उल्लेख नगरी दोस्रो पटक सुचना प्रकाशन गर्नु पर्नेछ र ८४(३) ख मा दोस्रो पटक सुचना प्रकाशन गर्दा पनि आवश्यक संख्यामा सिलबन्दी दरभाउपत्र पेश हुन नआएमा पेश हुन आएको दरभाउपत्र मध्येबाट स्वीकृत गर्न बाधा नपर्ने ब्यवस्था छ ।कुलुङ्ग खोला घाटको कर समेत न्यूनतम कवोल अंक रु ६५४२३०।को सुचना प्रकाशन गरेकोमा २ वटा मात्र दरभाउपत्र परेको र सो दुइ वटा मध्ये पनि एक वटा रक्षा रञ्जन कन्ट्रक्सन एण्ड सप्लायर्स मात्र पास भएको र सोहीले कवोल गरेको मूल्य रु ६८६९९८।८६ मा संझौता गरेको देखिन्छ । पुनः दोस्रो पटक सुचना निकाली ठेक्का ब्यवस्थापन गरेको देखिएन । नियममा उल्लेखित ब्यवस्था बमोजिम ठेक्का ब्यवस्थापन गर्नुपर्दछ । | |
| २३.५ | | | **अनुगमन मुल्यांकनः** प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन २०७७ अनुसार प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख राख्नु पर्ने, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको नगरअनुगमन समितिद्धारा नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ।नदिजन्य पदार्थको विक्रिको लागि वातावरणीय प्रभाव मुल्यांकन गरी निश्चित परिमाण तोकि उत्खननको स्वीकृती दिई ठेक्का लगाएको भएतापनिप्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख नराखेको, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको नगरअनुगमन समितिद्धारा नियमित अनुगमन नगरेको पाइयो। आगमी दिनमा यस सम्बन्धि नीति बनाउन सहज हुने गरी उत्खनन भएको परिमाणको एकिन गर्ने तथा अनुगमन मुल्यांकनलाई प्रभावकारी वनाउनुपर्दछ। | |
| २४ | | | **कर जम्मा नगरेको**<br>मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ अनुसार नेपाल भित्र आपुर्ती हुने वस्तुको कारोवारमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था रहेको छ । गाउपालिकाको मिति २०७७।६।५को निर्णय नं.३ अनुसार दहत्तर बहत्तर संकलन गर्न जिम्मेवारी पाएको फर्महरुले बन्दाबन्दीको समयमा ढुवानी गर्न नपाई भण्डार गरी राखेको स्टक प्रमाणित सामाग्री ढुवानी गर्दा निकासी कर कार्यालयबाटै कर्मचारी खटाई प्रति घनमिटर रु.२.५० का दरले निकासी शुल्क संकलन गरी ढुवानी गर्न दिने निर्णय अनुसार ३८००६०। निकासी शुल्क असुल गरेको देखिन्छ । यसमा लाग्ने मूल्य अभिवृद्धि कर कट्टा गरी जम्मा गर्नुपर्नेमा सो नगरेको रु.४८१३० संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ । | ४८,१३० |
| २५ | | | **राजश्व ढिलो दाखिला**<br>यस पालिका कार्यालयले आन्तिरिक नियन्त्रणको लागि मलेप फा.नं. ९०४(साविकफारम नं ११८) अनुसारको १७ कोलम खाता राख्नु पर्ने व्यवस्था छ।आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७९१०मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्यक्तिले तोकिए बमोजिमको ढाँचामा | |

| | | | | |
|---|---|---|---|---|
| | | | राजश्वको लेखा राखी बैक दाखिला गर्नुपर्नेछ । रसिद नियन्त्रण खाता मलेप फारम नं ९०४ अनुसार राखी नगदी रसिदको आम्दानी खर्च यथार्थपरक ढंगबाट राखिनुपर्दछ । नगदी रसिदबाट उठेको राजश्व बैक दाखिला भोली पल्ट नै गरेको देखिदैन। | |
| २६ | | | **कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठनसंचालन व्यवस्थापनसेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेदफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठनसंचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई करार तर्फको प्राविधिक कर्मचारीहरुलाई शुरु तलब स्केलको ४० प्रतिशत रकम को दरलेवार्षिक फिल्ड भत्ता रु ११८४४३२। भुक्तानी दिएको देखियो । प्रोत्साहन वापत तथा फिल्ड भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। | |
| २७ | | | **करारका कर्मचारीलाइ रासन भत्ताः**<br>साविक सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्राअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलवपोषाक तथा चाडपर्वको रकम मात्र दिन मिल्ने उल्लेख गरेको छ । कार्यालयले करार सेवामा कार्यरत नगर प्रहरीलाई शुरु तलव स्केलका अतिरिक्त दैनिक१५०। को दरले वार्षिक रु ५०००००।खाद्यान्न् वापत भुक्तानी गरेको देखिन्छ ।उक्त रकम नगरपालिकाको निर्णय अनुसार भुक्तानी भएको देखिन्छ । कानुनी आधार वेगर यसरी भत्ता दिनु नियमसंगत देखिएन। | |
| २८ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि अनुदान दिएको रकमको उपयोगिताको सम्बन्धमा स्थानिय तहको शिक्षा शाखाबाट अनुगमन गर्नुपर्ने र पुस्तकालय, सुचना प्रविधि प्रयोगशाला लगायतका शैक्षिक पूर्वाधार विकासका क्रियाकलापको सामाजिक परीक्षण समेत गराउनु पर्नेछ भन्ने उल्लेख भएकोमा पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ वटा विद्यालयलाई नविन प्रविधि, १ वटा विद्यालयलाई सिकाइ सामग्री र सिद्धार्थ मा वि लाई पुस्तकालय तथा विज्ञान प्रयोगशाला सामाग्रीमा प्रति विद्यालय ६ लाखा ५० हजारको दरले रु ३९ लाख अनुदान दिएकोमा कार्यक्रम कार्यविधि अनुसार अनुगमन र सामाजिक परीक्षण गराउनु पर्दछ । | |
| २९ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन२०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी पालिकाभित्र देहायवमोजिम विद्यालयलाई निकासा दिई खर्च लेखेको देखिन्छ। पालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरवन्दी पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत वडा तथा नगरपालिका कार्यालयवाट निर्णय गरी वजेट विनियोजन तथा रकमान्तर गरी विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान दिइएको देखिन्छ।अनुदान पश्चात सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधारको सम्वन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयको अनुदान रोक्का गर्ने सम्वन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन।पालिकाले सार्वजनिक स्रोतको खर्चपश्चात सोको प्रतिफलको अध्ययन गरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नुपर्ने देखिन्छ। बजेट तर्जुमा गर्ने सम्बन्धमा यस्ता कार्यक्रममा आन्तरिक स्रोत बाट स्रोत व्यवस्थापन हुनेगरि बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ। | |
| ३० | | | **विद्यालयको स्वीकृत दरवन्दी वाहिर करार सेवाः** | |

| भौ नं | व्यहोरा | रकम |
|---|---|---|
| ४५ | निजि स्रोतका शिक्षकहरुको प्रथम चौमासिक निकासा | १४५७९५० |
| १७० | निजि स्रोतका शिक्षकहरुको दोस्रो चौमासिक निकासा | १०७७२४६ |
| ३२५ | निजि शिक्षकहरुको तेस्रो चौमासिक निकासा | १६८९२६४ |
| | जम्मा | ४२२४४६० |

स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरीसवारी चालकसरसफाई सम्बन्धिआदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि२०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । स्वीकृत दरवन्दी भन्दा वाहिरका खेल शिक्षक तथा प्रशिक्षक लगायतका कर्मचारी राखी देहायअनुसार खर्च लेखेको छ । स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले स्थानीय सरकारलाई थप व्ययभार देखिन्छ।

| विवरण | रकम |
|---|---|
| खेलकुद प्रशिक्षकको रुपमा चक्र बहादुर कुवर लाई राखी मासिक रु २००००। को दरले भुक्तानी | २६०००० |
| खेल शिक्षकको रुपमा विक्रम राना लाई राखि मासिक रु १५०००।को दरले भुक्तानी | १९५००० |
| कम्पुयुटर शिक्षकको रुपमा ५ जना लाई राखि मासक १५०००।को दरले भुक्तानी | ९७५००० |
| स्रोत व्यक्त सट्टा शिक्षकको रुपमा सोमराज रेग्मी लाई राखि मासिक ३७९९०।को दरले भुक्तानी | ४९३८७० |
| जम्मा | १९२३८७०। |

३१

**विद्यालयको शौक्षिक गुणस्तर सदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

विद्यायलमा शौक्षिक गुणास्तर सुदृढीकरण एवंम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने।उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा लाइब्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागि ICT ल्याब को लागि खर्च गर्ने सकिने। विद्यालयले उक्त सामाग्रि खरिद गर्दा नमुना माध्यामिक विद्यालय व्यवस्थापन निर्देशिका,२०७४ को सम्बन्धित खण्ड र अनुसुचीमा भएको आधार र स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्ने ।अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको नियमितरुपमा अनुगमन गर्ने व्यवस्था विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१३ मा उल्लेख छ।यस पालिकाले देहाय बमोजिमका विद्यालयलाई उक्त अनुदान रकम निकासा गरेकोमा खरिद प्रक्रियाको पालना गरेको नदेखिएको तथा निर्धारित मापदण्ड र प्रक्रिया अनुरुपका अनुगमन मुल्यांकन गर्नुपर्ने देखिन्छ।

| कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|
| विज्ञान प्रयोगशाला | जनज्योति मा वि | ६५०००० |
| | पृथ्वि मा वि | ६५०००० |
| | अरुणोदय मा वि | ६५०००० |
| पुस्तकालय | बालविकास मा वि | ६५०००० |
| आइसिटी किट्स | बाल शैक्षणिक मा वि | ६५०००० |
| | दिपक मा वि | ६५०००० |
| | रघु मा वि | ६५०००० |
| शैक्षिक गुणस्तर अभिवृद्धि | धर्म मा वि | २००००० |
| | जम्मा | ४७५०००० |

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **पाठ्यपुस्तक अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा विद्यार्थी संख्या र पाठ्यपुस्तको दरको आधारमा सुरुवातमा ७५ प्रतिशत तथा भर्ना पश्चात विद्यार्थी संख्या एकिन गरी नपुग २५ प्रतिशत पाठ्यपुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं ३९५ मिति २०७८।०२।२५ को पत्रानुसार आ व २०७७।७८ को शैक्षिक सत्र २०७८ अषाढ १ गते देखि मात्र प्रारम्भ हुने र त्यसपछी भर्ना भएका विद्यार्थीको विवरण पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासाको पक्रिया अगाडी वढाँउदा चालु आ.व समाप्त हुने भएकोले विद्यालयमा विद्यार्थी भर्ना भई संख्या एकिन हुन नसकेमा शैक्षिक सत्र २०७७ को भर्ना संख्यालाई आधार मानि निशुल्क पाठ्यपुस्तक वापतको सत प्रतिशत अनुदान विद्यालयमा निकसा दिने परिपत्र हुनु अगावै शिक्षा शाखाको टिप्पणी अनुसार पालिकाले निकासा दिएको छ । कक्षा ९ र १० मा अध्यायन गर्ने विद्यार्थीले २ वटा ऐच्छिक विषय रोज्न पाउने र पाठ्यपुस्तकको दर फरक फरक भएकोमा पालिकाले औसतमा दर कायम गरि (कक्षा ९ रु ६४६ र कक्षा १० को रु ६६०) दिएको निकासले वास्तविक खर्चलाई नदेखाउने हुदाँ विद्यालयलाई पाठ्यपुस्तक अनुदान निकासा गर्दा विद्यालयबाट एच्छिक विषय अध्यायन गर्ने विद्यार्थी संख्या माग गरी सोही पाठ्यपुस्तकको मुल्य राखि निकासा गर्नु पर्दछ । | |
| ३३ | | | **स्यानिटरी प्याड**<br>कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड ब्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान अन्तर्गत कक्षा ६ देखी १२ सम्मका छात्राहरुलाई प्रति महिनावारी वढीमा २ प्याकेटका दरले विद्यालयले उपलब्ध गराउनु पर्ने र खरिद गरेको स्यानिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी सुरक्षित राख्नु पर्ने व्यवस्था छ । पालिकाले २०७७।७८ को लागी स्यानिटरी प्याड खरिदको सुचना २०७७।१२।१४ मा निकालेको र सिलबन्दी ठेक्का समाप्त भई स्यानिटरी प्याडको आपूर्ति २०७८।०२।२३ मा गरेको छ ।नगरपालिकाले २५००० प्याकेटलाई ६२.५६ का दरले १५६४००० को लागत अनुमान तयार गरेकोमा लागत अनुमानको ४०.७९ प्रतिशत कम रकममा लाइफ केयर सेनिटरी एण्ड न्याप्कीन उद्योग एण्ड सप्लायर्स प्रा लि सम्झौता गरेको छ । स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधिमा उल्लेख प्याडको गुणस्तर भए नभएको एकिन हुन सकिदैन साथै शैक्षिक सत्र अन्य पछि खरिद गरेको र कोरोनाका कारण विद्यालय बन्द भएको अवस्थामा कार्यविधिले तोकेबमोजिम सुरक्षित रुपमा प्याडको भण्डारण तथा वितरण कार्य चुनौतिपूर्ण देखिन्छ । कार्यालयले खरिद गर्दा विद्यार्थि संख्या र माग एकिन गरि समयमै खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३४ | | | **कोभिड कोष तर्फः** | ४७१,४५५ |

पालिकाले पेश गरे अनुसार आ व २०७७।७८ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको छः

| आम्दानीको स्रोत | २०७८ असार मसान्त सम्म प्राप्त रकम | खर्च शिर्षक | २०७८ असार मसान्त सम्मको खर्च |
|---|---|---|---|
| संघीय सञ्चित संचित कोषबाट(प्रकोप कोष बाट खर्च) | १०००००० | राहात वितरण | 0 |
| प्रदेश सञ्चित कोषबाट | ६११६१ | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | १११९३९४।१७ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | २०००००० | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ४१३६८६ |
| संघीय कोभिड कोषबाट | | जनशक्ति परिचालन | १९०८८७ |
| प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | २३६७६९५ |
| अन्य स्रोतबाट प्राप्त | ४००००० | स्वास्थ्य पूर्वाधार निर्माण | ८६११८१ |
| गत वर्षको अल्या | ४३३५८७९ | अन्य शीर्षकमा भएको खर्च | २२५०० |
| | | बाँकी | ११०३७७६ |
| जम्मा | ७७९७०४० | जम्मा | ७७९७०४० |

यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छनः

· कोरोना कोष तर्फ आ व २०७७।७८ जम्मा खर्च रु ६६९३२६४।रहेको छ।

· पालिकाले स्थापना गरेको विभिन्न क्वारेन्टीन मा बसेको व्यक्तीहरुको खाजा खाना बापत भौ नं २,३,५,६,८,१५ बाट रु ५ लाख ७२ हजार खर्च गरेको छ। जसमा पालिकाले क्वारेन्टीनमा बस्ने व्यक्तिहरुको तथ्याङ्क उपलब्ध नगराएको कारण खाजा खाजामा खर्च भएको रकम एकिन गर्न नसकिएकोले पालिकाले क्वारेन्टीनमा बसेको व्यक्तिको तथ्याङ्क राख्नु पर्दछ।

· पालिकाले जि पि कोइराला अस्पतालमा आइसोलेशन वार्ड संचालन गर्दा रु ८३११८१।९२ अनुदान दिएको छ।

· कोरोना भाइरस (कोभिड १९) को संक्रमण उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन मापदण्ड २०७७ अनुसार जोखिम भत्ता वितरण गर्न दफा ३ बमोजिमको कार्य गर्नका लागि खटिएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिर हुनुपर्ने उल्लेख छ।पालिकाले भौ नं २०।२०७७।७।३ बाट गत वर्षको २०७७ अषाढ मसान्त सम्मको जोखिम भत्ता ७५, ५० र २५ प्रतिशतको दरले यस आ व मा खटिएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिर बिना स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई रु ४७१४५५।भुक्तानी गरेको उचित देखिएन ।

· स्वास्थ्य सामाग्रि खरिदमा पालिकाले देहायको भौ नै १५,२२,२८ बाट रु १५१५१४५। पटक पटक रुपमा सोझै खरिद गरि खर्च गरेको छ।

· पालिकाले कोभिड नियन्त्रणको लागि केश अनुसन्धान तथा कन्ट्याक खोजपड्ताल टिम (CICCT) परिचालन गर्ने २०७८ श्रावण १ गते देखि करारमा ४ जना कर्मचारी नियुक्ति गरी रु ९ लाख ४४ हजार खर्च लेखेको छ।पालिकाले पेश गरेको विवरण अनुसार पालिकामा केश अनुसन्धान संख्या २३९९, कन्ट्र्याकमा आएका व्यक्तिहरुको पहिचान संख्या ५१०, समान्य परामर्श फलोअफ तथा रेफर संख्या ५१० र नमुना संकन वा द्रुत परिक्षण संख्या ११०५ रहेको छ।

३५ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछर्यट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त नभएको पेश्की हालसम्म फछ्यौंट नगरेकोले उक्त पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्दछ।

| भौ नं | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति, फर्म | रकम |
|---|---|---|---|
| ३ | वडा नं ३ को वडा कार्यालय भवन निर्माण | ए वि निर्माण सेवा | ७४८००० |
| ५१६ | वडा नं ७ को भवन निर्माण | हेजल विल्डर्स एन्ड सप्लायर्स प्रा लि | १८२५००० |
| ३१२ | समपुरक योजनाहरु | ए वि कन्सस्ट्रक्सन | ८१०००० |
| | १५ शैया अस्पताल निर्माण | राजेन्द्र विवस जे भि | ९९९०००० |
| | जम्मा | | १३३७३००० |

३६ **परामर्श सेवा खरिदमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।**

३६.१ **परामर्श सेवा खरिदः**पालिकाको कार्यालयले यस बर्ष तपिसलका डि.पि.आर कार्यका लागि विभिन्न परामर्श दातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ।



https://nams.oag.gov.np

| भौ नं | कामको विवरण | परामर्श दाता | भुक्तानी रकम |
|---|---|---|---|
| ९५ | मैदिखोला पुल डि पि आर | नारायणी ट्रेनिङ एण्ड इन्जिनियरिङ | ७९६०८५ |
| १७ | कार्यालय भवन डि पि आर | नारायणी ट्रेनिङ एण्ड इन्जिनियरिङ | ९८६४९० |
| २४० | वडा नं ४,५,७,८ र ९ को डिजिटल प्रोफाइल सिस्टम जडान | फोर जी इन्जिनियरिङ सोलुशन | १९३४५६० |
| ३६१ | वडा नं ५ कार्यालयको माटो परीक्षण | वेन्च मार्क कन्सल्टटेन्ट | ३९३२४० |
| 172 | इलेक्टोनिक्स तालिक सञ्चालन | लुम्बिनि पोलिटेक्निक इन्स्टिच्युट प्रालि | ४९८१९७ |
| 175 | IEE प्रतिवेदन तयार | बन्दिपुर कन्सल्टेन्सि प्रा लि | ४९६०७० |
| 455 | अर्गानिक कृषि खेति प्रर्वद्धन कार्यक्रम | रिसर्च इन्स्टिच्युट अफ एग्रिकल्चर एण्ड साइन्स प्रालि | ३९९८८८ |
| 472 | साइक्लिङ्ग जिपलाइन रक क्लाइबिङ्ग अध्ययान | टि क्लाइम्विङ्ग प्रर्वद्धन निर्माण योजना | २५०००० |
| | जम्मा | | ५७५४५३० |

यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।

| | | | | |
|---|---|---|---|---|
| ३६.२ | १७ | २०७७-७-१७ | **परामर्शदाताको प्राविधिक मूल्यांकनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ र १२ मा क्रमशः परामर्शदाताको आर्थिक प्रस्तावको मूल्यांकन पूर्व प्राविधिक प्रस्तावको मूल्यांकन गर्ने र उक्त मूल्यांकनमा पास भएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोल्नुपर्ने तथा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य निकायले तयार पारेको नर्म्स आदि कुरालाई कुरालाई आधार मानी लागत अनुमान तयार पार्नुपर्ने व्यवस्था छ। नगरपालिकाले नगरपालिकाको कार्यालय भवनको डि पि आर तयार गर्ने कार्यको लागि नारायणी ट्रेनिङ एण्ड इन्जिनियरीङ प्रा लि लाई रु.९८६४९०।०० भुक्तानी भएकोमा उक्त परामर्शदाताको प्रस्ताव सम्वन्धी कागजातमा प्राविधिक मूल्यांकन गरी परामर्शदाताको छनौट गर्न अंकभार उल्लेख गर्दा सार्वजनिक निकायले परामर्शदाताको खास कामको अनुभवमा कूल अंकको २५ प्रतिशतसम्म, कार्यसंपादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहीतामा कूल अंकको २० देखि ३५ प्रतिशत, योग्यता र अनुभवमा३० देखि ६० प्रतिशतसम्म र प्रविध हस्तान्तरण तथा तालिममा कूल अंकको १० प्रतिशत सम्म अंक दिई प्राविधिक प्रस्तावको मूल्यांकन गर्नुपर्नेमा मूख्य अंकभार रहेको परामर्शदाताको योग्यता र अनुभव शिर्षकमा अंक प्रदान गर्दा प्रस्तावदाताले पेश गरेको मूख्य जनशक्तिको curriculum vitaeमा माथि उल्लिखित योग्यता र अनुभव शिर्षकमा सम्वन्धित निकायमा कार्य गरेको कार्य अनुभव खुल्ने प्रमाण वेगर नै नारायणी ट्रेनिङ एण्ड इन्जिनियरीङ प्रा लि लाई अधिकतम अंक दिई मूल्यांकन गरेकोले प्राविधिक मूल्यांकन प्रक्रिया नै त्रुटीपूर्ण देखिन्छ।साथै पालिकाको नाममा समेत नभएको जग्गामा भवन निर्माण गर्ने भनी डि पि आर गर्न नगरसभावाट वजेट विनियोजन गरी भुक्तानी गरेको रकम अनियमित देखिएको रु.. | ९८६,४९० |
| ३६.३ | | | **परामर्श सेवाको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन। | |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ३६.४ | | | **सोझै खरिद कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका उपरोक्त योजनाको डि.पि.आर कार्यको लागि २० लाख भित्र पारी लागत अनुमान तयार गरी सोझै खरिद गरी रु ४११०३७५।०० भुक्तानी दिएको छ। पालिका भित्रका योजनाको डि.पि.आर कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान तयार गर्दा माथि उल्लेखित आधार नलिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेकोले उक्त कार्यको लागि भएको भुक्तानी रकम नियमसंगत देखिएन।यसमा सुधार गर्नुपर्दछ। | |
| ३६.५ | | | **वीमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्श दाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ। | |
| ३६.६ | | | **डीपीआर कार्यन्वयनः** पालिकाको कार्यलयले यस बर्ष योजनागत खर्च शिर्षकमा एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या अनुसार पुजीगत खर्च शिर्षकमा राखी वजेट विनियोजन गर्नुपर्नेमा चालुमा राखी कार्यक्रम तयार गरेको छ भने चालुमा राखेकोमा समेत कुन कार्यक्रम हो नखुलाइ एकमुष्ट रुपमा सेवा तथा परामर्श शिर्षकमा वजेट राखेको छ। परामर्श सेवाको लागि योजनागत रुपमानै बजेट पारित नगरी एकमुष्ट परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ। साथै कार्यन्वयनको सुनिश्चितता वेगर नै बजेट खर्च गर्ने उद्वेश्य मात्र राखी परामर्श सेवामा खर्च गरिनु औचित्य पुर्ण देखिदैन | |
| ३६.७ | | | **वाह्य परामर्शदातावाट कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु ४११०३७५। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन | |
| ३७ | | | **योजना सुची तयार नगरेकोः**<br>स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वियन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईन्छ । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन । मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ३८ | | | **योजना प्रथामिकीकरण तथा कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन । कानुनमा भएको ब्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |


https://nams.oag.gov.np

३९ **ठेक्का व्यवस्थापनमा ढिलाईः**

सार्वजनिक खरिद नियमावली, २०६४ (८) (१) (ग)मा खरिद कारबाहीको समय तालिका उल्लेख गर्नुपर्ने ब्यवस्था छ । सो अनुसार खरिद योजना बनाई खरिद कारबाहीको समय तालिका उल्लेख गरेको देखिदैन । निम्नानुसारको ५० लाख भन्दा माथीको निर्माण कार्य खरिद संझौता माघ महिना पछि गरेको देखिन्छ । खरिद संझौता प्रथम चौमासिक भित्रै सम्पन्न गरी निर्माण कार्य समय तालिका अनुसार गर्नुपर्दछ ।उदाहरणको रुपमा निम्न लिखित पचास लाख माथीको ठुला ठेक्का ब्यवस्थापनलाई लिन सकिन्छ ।

| निर्माण कार्य | संझौता मिति | भ्याट सहित लागत अनुमान | संझौता रकम | खर्च | कैफिएत |
|---|---|---|---|---|---|
| भिसी नेत्रबहादुर मोटर मार्ग निर्माण समपुरक | २०७७।१।३० | १९७२४३१४।७१ | १३९९५७३४।०२ | १३५११०६३७।५६ | ३ पटक म्याद थप २०७८ मंशिर मसान्त सम्म |
| चिहान डाँडा मोहोरिया सिद्धगुफा सडक कालोपत्रे | २०७६।१०।१६ | १९५०७७९७।०२ | १३०१०६०९।१२ | ६४११७४९ | २०७८ चैत्र मसान्त सम्म ठेक्का म्याद थप |
| १५ शैया अस्पताल | २०७८।३।२५ | १६९५३५२७२।६१ | ११५२०९९६३।२७ | ९९९०००० | पेश्की खर्च मात्र |

४० **समपुरक अनुदानः**

एक हजार नौं सय सत्तरी मिटर लम्बाईको चिहान डाँडा सिद्धगुफा सडक निर्माणको लागि मुल्य अभिवृद्धि कर समेत लागत अनुमान रु. १९५०७७९७।०२ भएको यस कार्यको लागि रु. १३०१०६०९।१२ कवोल अंकमा अमर कन्ट्रक्सनसँग मा २०७७।३।१ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७६।१०।१६ मा संझौता भएपनि कार्यसम्पन्न नभएको कारण म्याद थप मिति २०७८ चैत्र मसान्तसम्म ठेक्का म्याद थप गरेको देखिन्छ । यस सम्बन्धमा देखिएको ब्यहोरा निम्नानुसार छन् ।

Ø समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ८ मा स्थानीय तहले समपुरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्ने उल्लेख भएपनि मध्यकालीन खर्च संरचना तयार गरी सोमा समावेश गरेको पाईएन ।

Ø कार्यसम्पन्न कार्यतालिका WORK SCHEDULE पेश गरी सो अनुसार कार्य गरेको देखिदैन ।

Ø Tack coat with hot bitumin को दर विश्लेषणमा सडक विभागको नर्म्स अनुसार ०.५ देखी ०.६ केजी सम्म १ वर्ग मिटरमा लगाउनु पर्नेमा सो भन्दा वढी दर ०.७३ केजी लगाएको मनासिव देखिएन ।

Ø पिच बाहेकको काम सकिए पनि निम्न पिच लगाएतको मुख्य कार्य सम्पन्न गर्न सकेको देखिदैन ।

| कामको विवरण | रु. |
|---|---|
| वेस | १७१५०४० |
| प्राईम कोट | ७७१७७३।४ |
| ट्याककोट | ७७१७७३।४ |
| प्रिमिक्स | १८००७५० |
| सिलकोट | २५७२५७।८ |
| स्टोन एजींग | ४३६७२ |
| आरसिसि | २६०००० |
| रड | १०६९१२।८ |
| जम्मा | ५७२७१७९।४० |
| मूल्य अभिबृद्धि कर समेत | ६४७१७१२।७२ |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **वडा नं ३ कार्यालय भवन निर्माणः** | |
| ४१.१ | | | ठेक्का नं 13/NCB/work/BM/076.77 वडा नं ३ को वडा कार्यालय भवन निर्माण कार्य गर्न ए वि निर्माण सेवासंग मिति २०७७।०३।११ मा सम्झौता अन्तिम विल समेत रु.१२८७२१६८ भुक्तानी भएकोमा यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।<br>**काम शुरु नहुदै भेरियसनः** सार्वजनिक खरिद नियमावलीको नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई खरिद कार्य शुरु गर्न नहुने र नियम ५१(१) मा वोलपत्र तयार गर्न र खरिद सम्झौता गर्न आवश्यक सुचना प्राप्त गर्न वोलपत्रदाता आफै वा निजको कर्मचारी वा एजेन्टलाई आफ्नै खर्चमा सम्भावित जोखिमप्रति आफै उत्तरदायी हुने गरी भ्रमण गर्न सक्ने व्यवस्था रहेको छ।कार्यालयले भवन निर्माण कार्यको वोलपत्र सुचना प्रकासन तथा सम्झौता सम्मका सम्पुर्ण पक्रिया पुरा गरी निर्माण कार्य शुरु गरेपश्चात निर्माणस्थलको भ्रमण नगरेको वा निर्माणस्थलको सुचना नलिएको कारण भविष्यमा हुन सक्ने सम्भावित जोखिममा वोलपत्रदातालाई नै जिम्मेवार वनाई कार्य गराउनुपर्नेमा पालिकावाट ३ सदस्यीय अनुगमन टोली गठन गरी अनुगमन टोलीले योजना निर्माण स्थलमा ६ फुट मुनिसम्म नरम माटो भेटिएकोले पुर्व लागत अनुमान तथा ड्रइङ्ग डिजाइन अनुसार कार्य गर्न सम्भव नभएको तथा सम्झौता भएको लागत अनुमानमा टायल गेट तथा पानी टंकी जस्ता आवश्यक आइटम छुट भएको प्रतिवेदनको आधारमा सम्झौता रकमको १९.९२ प्रतिशत अर्थात मु अ कर समेत रु.२२२१४२५।५३ को भेरिएसन आदेश नगर कार्यपालिकावाट स्विकृत गरी जारी भएको पाइयो।वोलपत्रको लागत अनुमान तयार गर्नुपुर्व कार्यालय तथा वोलपत्रदाता दुवैले निर्माणस्थलको भ्रमण नगरी तथा लागत अनुमान तयार गर्दा विचार पुर्याउनुपर्ने कुरामा ध्यान नदिएको र ठुला एवम् जटिल प्रकृतीको निर्माण कार्यको डिपिआर तथा माटो परीक्षण गरेर मात्र वोलपत्र आह्वान गर्नुपर्नेमा सो कार्य नगरी वोलपत्र आह्वान र सम्झौता गर्नु र कार्य प्रारम्भ नहुदै भेरियसन जारी हुनुले पालिकालाई थप व्ययभार पर्न गएको देखिन्छ। | |

| | | | | |
|---|---|---|---|---|
| ४१.२ | | | **लागत अनुमान यथार्थपरक नभएको:** भवन निर्माण कार्यमा भेरिएसन जारी पश्चात परिमार्जित सम्झौता रकम रु.१३३७३८२५।०० कायम भएकोमा निर्माण कार्यको कार्यसम्पन्न तथा अन्तिम रनिङ विलसम्म रु. १२८७२१६९।०० को कार्य ९६.२४ प्रतिशत मात्र कार्य भएको र कार्यकलयले कार्यस्विकार प्रतिवेदन तयार गरी अन्तिम विल भुक्तानी गरेको देखिन्छ। सम्झौता रकमभन्दा रु.५०१६५६।०० कमको कार्यसम्पन्न भएकोले लागत अनुमान तथा भेरिएसन आदेश यथार्थपरक भएको देखिदैन। | |
| ४१.३ | | | **पेश्की कट्टा नगरी ढीला दाखिला:** कार्यालयले भौ नं ३४१।२०७८।०३।१०मा अन्तिम विल वापतको रु.४६३३३५९।०० निर्माण व्यवसायी ए वि निर्माण सेवालाई भुक्तानी दिएको देखिन्छ। निर्माण कार्यको अन्तिम भुक्तानी दिँदा मोविलाईजेशन पेश्की वापत दिएको रकम कट्टा गरी वाँकि रकम मात्र निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्नेमा अन्तिम रनिङ विलसम्म कट्टा गर्न वाँकी पेश्की रु.७८००००।०० कट्टा नगरी २०७८।०५।१७ गते मात्र पेश्की वापतको रकम पालिकाको खातामा दाखिला गरेकोले सार्वजनिक खरिद नियमावलीको नियम ११३(६) वमोजिम सयकडा १० प्रतिशतका दरले रु.१४३१७।०० निर्माण व्यवसायीसंग असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु | १४,३१७ |
| ४१.४ | | | **डण्डीमा वढी भुक्तानीः**- निर्माण कार्यको नापी तथा भुक्तानी स्वीकृत नर्म्स बमोजिम हुनुपर्दछ। कार्यालयले प्रयोग गरेको स्वीकृत नर्म्स अनुसार भवन निर्माण कार्यमा प्रयोग हुने विभिन्न साइजको फलामे डण्डीको लागि ल्याप्स, चियर ,वेष्ट आदिको लागि ५ प्रतिशत नर्म्स वमोजिम नै थप गरी दर विश्लेषण गरेको (१.०५ के.जी बराबर १ के.जी) अवस्थामा कार्यलयले प्रथम रनिङ विलमा २३३ के जी दोस्रो रनिङ विलमा ९० केजी गरी जम्मा ३२३ के जी नापीमा थप गर्दा दोहोरो रुपमा गणना भइ को प्रतिकेजी रु.९५ का दरले मु अ कर समेत रु.३२८४९ वढी भुक्तानी गएको अवस्था देखियो । उक्त रकम असुल गर्नुपर्ने रु.... | ३२,८४९ |
| ४१.५ | | | **सोही स्थानमा पुन अर्को व्यवसायीवाट कार्यः**२६७।०७८।२।१० कार्यालय भवन निर्माणको कार्य सम्पन्न नहुदै सोही सोही स्थानमा वडा कार्यालय भवनको पछाडी नरम माटोको कारण पहिरो गई वडा कार्यालय भवन जोखिम अवस्थामा भएकोले भवनको संरक्षणको लागी तत्काले रिटेनिङ वाल निर्माण गर्नुपर्ने भनी मिति २०७८।०१।१५ मा कार्यपालिकवाट निर्णय गरी तिन प्रति कोटेशनवाट दर्शन निर्माण सेवासंग सम्झौता गरी रु४९२३६६।०० भुक्तानी भएको देखिन्छ।कार्यालयले निर्माण स्थल छनौट गर्दा उपयुक्त स्थानको छनौट गरी एकै स्थानको निर्माण कार्यको एकमुष्ठ लागत अनुमान गरी प्रतिष्पर्धात्मक तरिकावाट गराउनुपर्दछ। | |
| ४२ | 269 | २०७८-३-१७ | **वडा कार्यालय भवन निर्माण वडा नं ४ः**<br>**डण्डीमा वढी भुक्तानीः**-निर्माण कार्यको नापी तथा भुक्तानी स्वीकृत नर्म्स बमोजिम हुनुपर्दछ। कार्यालयलेप्रयोग गरेको स्वीकृत नर्म्स अनुसार भवन निर्माण कार्यमा प्रयोग हुने विभिन्नसाइजको फलामे डण्डीको लागि ल्याप्स, चियर ,वेष्ट आदिको लागि ५ प्रतिशत नर्म्सवमोजिम नै थप गरी दर विश्लेषण गरेको (१.०५ के.जी बराबर १ के.जी) अवस्थामा वडा कार्यालय भवन निर्माण वडा नं ४ को निर्माण गर्न व्रदर्श कन्ट्र्याक्टिङसंग सम्झौता गरी दोस्रो रनिङ विल रु.३५६६६९७।०० भुक्तानी गर्दा नापी कितावमा १४९ के जी थप गरी प्रतिकेजी ९० को दरले दोहोरो रुपमा गणना भइ मु अ कर समेत रु.१५१५३।०० वढी भुक्तानी गएको अवस्था देखियो । उक्त रकम असुल गर्नुपर्ने रु.. | १५,१५३ |
| ४३ | | | **खरिदमा ओभरहेड भुक्तानीः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान सम्वन्धी व्यवस्था गरिएको छ।सोहि व्यवस्थाअनुसार कार्यालयले लागत अनुमान तयार गरी खरिद सामाग्री खरिद गर्नुपर्नेमा कार्यालयले देहायवमोजिम खरिद कार्यको लागत अनुमान देखि भुक्तानी सम्म १५ प्रतिशत ओभरहेड समावेश गरी भुक्तानी गरेकोले मालसामान खरिदमा भुक्तानी भएको ओभरहेड रकम असूल गर्नुपर्ने रु | २८२,६४७ |

| गो भौ नं मिति | खरिदको विवरण | भुक्तानी रकम | ओभरहेड रकम | मु अ कर समेत वढी भुक्तानी |
|---|---|---|---|---|
| ४।२०७७।०५।११ | जाली खरिद | ४९७९०७ | ५७५१० | ६४९८६ |
| ६।२०७७।०५।२४ | ह्युम पाइप खरिद | ५९५९६२ | ७७७३४ | ८७८३९ |
| प्रकोप व्यवस्थापन वाट | | | | |
| २३।२०७७।१२।०२ | जाली खरिद | ४९७५५६ | ५७३७६ | ६४८९८ |
| २२।२०७७।१२।०२ | ह्युम पाइप खरिद | ४९७७६५ | ५७४५५ | ६४९२४ |
| जम्मा | | | | २८२६४७ |

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **विपद् वयवस्थापन तर्फ देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।** | |
| ४४.१ | | | **विपद व्यवस्थापन कोष** –विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २३(१) र २३(२) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले भिमाद नगरपालिकाको विपद ब्यवस्थापन कोष सञ्चालन कार्यविधी २०७५ कार्यान्वयनमा ल्याएकोछ । गत वर्षको मौज्दात रु.७९५३७।समेत आम्दानी रु ४९१६६४२।गरी रु ४२५४३२३। खर्च गरी बाँकी बैक जम्मा रु ६६२३१९ रहेको देखिन्छ । | |
| ४४.२ | | | **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ५ तथा संघीयतर्फको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ ।नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ४४.३ | | | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ को विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४४.४ | | | नगरपालिकाको विपद ब्यवस्थापन कोष सञ्चालन कार्यविधी २०७५ को दफा ११(३) मा कोषको मासिक रुपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गते भित्र सार्वजानिक गर्नुपर्ने, दफा ११(४) मा आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र समितिले कोषको वार्षिक आय ब्यायको विवरण समेत खुल्ने बार्षिक प्रतिवेदन तयार गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यपालिका मार्फत नगर सभामा पेश गर्नुपर्ने , दफा १२(४) मा कार्यालयले कम्तीमा वर्षको एक पटक कोषको सामजिक र सार्वजानिक लेखापरीक्षणको ब्यवस्था मिलाउने उल्लेख छ । यस सम्बन्धि कुनै पनि कार्य गरेको पाईदैन । कानुनको ब्वयस्था पालना गरी कोषको पारदर्शिता अवलम्बन गर्नुपर्दछ । | |
| ४५ | | | **कृषि अनुदान तर्फ** | |
| ४५.१ | | | सरकारी अनुदान रकमको वितरणसदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन। | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ७४ | ५० प्रतिशत अनुदानमा लसुनको विउ वितरण | १०९५०० |
| ९८ | ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण | २६७८५६ |
| १४२ | कृषि टनेल वितरण | २५४०५२ |
| १७७ | कृषि टनेल वितरण | ९५५५० |
| २०७ | सिकेचर करौति वितरण | १४१०५० |
| २३१ | तरकारीको विउ वितरण | १७९४४० |
| २५२ | मकैको विउ वितरण | ३११०० |
| २५९ | मकैको विउ वितरण | ६९००० |
| २७१ | तरकारि विउ वितरण | ७२८५० |
| ३३९ | धानको विउ वितरण | १६२२५० |
| ३४० | धानको विउ वितरण | ४१८२५ |
| ३४१ | टनेल वितरण | ४१८२५ |
| ३४८ | टनेल वितरण | ७७३५० |
| ४०५ | कागतिको विरुवा वितरण | १३०७०० |
| ४२२ | बाख्रा पकेट कार्यक्रम खोर सुधार | ३४६५३७ |
| ४२४ | फलफुल वितरण कार्यक्रम | १८७७०० |
| ४४६ | दुग्ध चिस्यान केन्द्र स्थापना गर्ने अनुदान | २५०००० |
| ४४८ | च्वाचे खोर सुधार कार्यक्रम | २६५५०० |
| ४५६ | भैसि खरिद कार्यक्रम | ३५८६०० |
| ४६० | बेमौसमि तरकारि खेति कार्यक्रम | १६३४०० |

| | | |
|---|---|---|
| ४८५ | स्थानिय च्वाचेको व्यवस्थापन | ५०३१५० |
| ४८६ | खोर सुधार कार्यक्रम | ४४१०३६ |
| ४८८ | माछापालन कार्यक्रम | २९१०२० |
| ४९१ | कालो च्वाचे अनुदान | ९७५०० |
| ४९८ | थोपा सिचाइ कार्यक्रम | १००३२ |
| ४९९ | मौरिको घार वितरण | ४८८८०० |
| ५०३ | मौरिको घार वितरण | २००००० |
| ५०९ | बहुबर्षिय घास अनुदान | २५८६७५ |
| ५१२ | कुखुरा पालन अनुदान | १४२४७५ |
| ५१३ | बंगुर पालन अनुदान | ३७७८९६ |
| ५१४ | बाख्रा पालिन समुह लाई अनुदान | ४००००० |
| ५१६ | दुध संकलन व्यवसाय प्रवर्द्धन | २९३७०० |
| ५२० | दरौकोट कृषि तथा पशुपालन समुह लाई भुक्तानी | ७३७२८७ |
| ५२१ | बाख्रा वितरण | ३६०००० |
| ५२७ | लोकल कुखुरा पकेट | १५६१९० |
| ५२८ | मकै प्रसोधन मेसिन खरिद | २४०८०० |
| ५२० | पकेट कार्यक्रम खोर सुधार | ७३७३८७ |
| | ससर्त तर्फ | |
| १४२१८० | साना व्यवसाय कृषि उत्पादन केन्द्र अदुवा पकेट कार्यक्रम | ८६५५३३ |
| १८५ | तरकारी पकेट कार्यक्रम | ६१७७५१ |
| १८३१८३ | बाख्रा पकेट कार्यक्रम | १३०११०० |
| | | |

| | | |
|---|---|---|
| १७९ | सुन्तला पकेट कार्यक्रम | ६४८८८३ |
| | जम्मा | ८९८२०३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५.२ | | | यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।<br><br>(क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघप्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br><br>(ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।<br><br>(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै वाख्राको खोर सुधार कार्यक्रम बंगुरको खोर सुधार कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन<br><br>(घ) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा नगरवाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।<br>(ङ) वडा बाट खरिद गरि वितरण गरेको आलु अदुवा तथा अन्य सामाग्रीको खरिद गरि दाखिला गरेको प्रमाण नगराखेको र विलको ५० प्रतिशत रकम कार्यालयबाट भुक्तानी गरेको हुँदा कृषकको लागत सहभागिता रहेक नरहेको एकिन गर्ने नसकिएको र खरिद तथा वितरण गरेको परिमाए समेत एकिन हुन नसकेकोले खरिद गरेको सामानको जिन्सि दाखिला हुनुपर्दछ।<br><br>च) पालिकाले ससर्त तर्फको प्रधान्मन्त्री कृषि आधुनिकिकरण परियोजना साना व्यवसाय कृषि (पकेट ) सञ्चालन कार्यक्रम मा सहभागि हुन प्रस्ताव आवहानको सुचनामा प्रति पकेट अधिकतम रु ५ लाखमा नबढ्ने गरी कार्यक्रम सञ्चालन हुनेछ। भनि सुचना प्रकाशन गरेकोमा पकेट कार्यक्रममा छनोट भएको ६ वटा समुहसँग सुचनामा उल्लेख अधिकतम सीमा भन्दा माथि रहेर सम्झौता गरेको छ। | | |
| ४५.३ | | | छ) जिल्ला दर रेट भन्दा बढी दरमा भुक्तानीः ५०९।२०७८।०३।२९ देहायवमोजिम घाँसका विरुवा अनुदानमा वितरण गरेकोमा जिल्ला दररेट भन्दा वढी दरमा खरिद गरी भुक्तानी गरेकोले जिल्ला दररेट भन्दा वढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | १२,१०४ | |

| खरिदको विवरण | खरिदको संख्या | जिल्ला दररेट अनुसारको दर | खरिद भएको दर | फरक रकम | कृषकको योगदान कटाइ वढि भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| वडहर | १३६८ | १९।८० | ३० | १०।२ | ६९७६।८ |
| टाँकी | ७९५ | १२।१० | २५ | १२।९ | ५१२७।७५ |
| जम्मा | | | | | १२१०४।५५ |

४५.४

**ज)** अनुदान वितरणमा कार्यपत्र र अनुगमन बापत भत्ताः माथि उल्लेखित कृषि अनुदान वितरण कार्यतक्रमबाट अनुदानमा मात्र खर्च गर्नुपर्नेमा देहायको भौ नं बाट कार्यपत्र बापत र अनुगमन गरेबापत भत्ता भुक्तानी गरेकोले कर कट्टी पछीको रकम असुल हुनुपर्ने रु

| भौ नं | नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ७४ | भावना ढकाल | लसुनको विउ वितरणमा कार्यपत्र बापत | १७०० |
| ९८ | भावना ढकाल | आलुको विउ वितरणमा कार्यपत्र बापत | १७०० |
| ४६० | बुद्धिमान श्रेष्ठ | बेमौसमि तरकारि खेति कार्यक्रम अनुगमन | १७०० |
| | बुद्धिमाया श्रेष्ठ | बेमौसमि तरकारि खेति कार्यक्रम अनुगमन | १७०० |
| | ज्ञान बहादुर आले | बेमौसमि तरकारि खेति कार्यक्रम अनुगमन | १७०० |
| | नारायण शरण तिवारी | बेमौसमि तरकारि खेति कार्यक्रम अनुगमन | १७०० |
| | लेखमाया कामी | बेमौसमि तरकारि खेति कार्यक्रम अनुगमन | १७०० |
| जम्मा | | | ११९०० |

११,९००

४६

**हाते कटाई तालिम सञ्चालनः**

पालिकाले भौ नं २३९।२०७७।११।२५ बाट युवा लक्षित सिप तालिम कार्यक्रम अन्तर्गत एडभान्स हाते कढाई तालिम सञ्चालनको लागि लुम्बिनि पोलिटेक्निकल इन्स्टिच्युट प्रा लि सँग २५ जना प्रशार्थिलाई ६५ दिनको तालिम सञ्चालन गर्ने रु ४९८१९७।३२ (मु अ कर सहित) सम्झौता गरेको छ। तालिम सञ्चालन मिति २०७७ पौष ५ देखि २०७७ फागुन १३ सम्म सञ्चालन भएको उल्लेख छ। प्रशिक्षार्थिको हाजिरि हेर्दा २० जना प्रशिक्षार्थि तालिममा सहभागि भएको देखिन्छ। पालिकाले प्रति विद्यार्थि लागत का आधारमा ५ जना प्रशिक्षार्थिको खाजा खर्च रु १०० का दरले ६५ दिनको रु ३२५००। प्रमाण पत्रको रु ७५० को दरले रु ३७५० र स्टेशनरीको रु ५००० गरि रु ४१२५०। बढी भुक्तानी भएको असुल हुनुपर्ने रु

४१,२५०

४७

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो निर्माण, सडक नाला निर्माण, काम लगायतका १० वटा निर्माणका कार्यक्रम सञ्चालन गरी रु. ३० लाख ६४ हजार खर्च

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४८ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली२०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ।तर स्थानीय तहले शिलवन्दि र सोझै गरी विभिन्न सप्लायर्सवाट रु.३२४२५५७। औषधि खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु देहायअनुसार छन्:<br>· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको<br>· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मितिब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको<br>· आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।<br>· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको<br>· औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको<br>· तसर्थ औषधिको खरिदआपूर्तीदाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्नेतोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ | |
| ४९ | | | **वढी दरवाट भुक्तानीः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्वन्धित कार्यको स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था रहेककोमा नगरपालिकाले देहायवमोजिम पहिरो पन्छाउने कार्यको भुक्तानी गर्दा मेसिनवाट माटो खन्ने दर राखि भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम सम्वन्धितवाट असूल गर्नुपर्ने रु... | ९०२,२७१ |

| गो भौ नं | कामको विवरण | कामको परिमाण | भुक्तानी दर | भुक्तानी हुनुपर्ने दर | फरक दर | मु अ कर सहित वढी भुक्तानी | भुक्तानी पाउने |
|---|---|---|---|---|---|---|---|
| २१ | वडा नं ७ मोटरवाटो सरसफाई | ५६१२ | ७८ | ५२ | २६ | 164881 | श्याम विधान कन्ट्रक्सन |
| २३ | वडा नं २मोटरवाटो सरसफाई | ४८०२ | ७८ | ५२ | २६ | 141083 | वि आर कन्ट्रक्सन |
| २८ | वडा नं ४ मोटरवाटो सरसफाई | ३०७७ | ७८ | ५२ | २६ | 90402 | सि सि कन्ट्रक्सन |
| ३० | वडा नं ९ मोटरवाटो सरसफाई | ३८०३ | ७८ | ५२ | २६ | 111732 | विरेन्द्र कन्ट्रकसन |
| ३५ | वडा नं ३ मोटरवाटो सरसफाई | २४७६ | ७८ | ५२ | २६ | 72745 | आयुष एण्ड अनुष कन्ट्रक्सन |
| ३९ | वडा नं ५ मोटरवाटो सरसफाई | ३२६५ | ७८ | ५२ | २६ | 95926 | पाटन वारही कन्ट्रकसन |
| ६४ | वडा नं १ मोटरवाटो सरसफाई | २७५९ | ७८ | ५२ | २६ | 81059 | गण्डकी कन्ट्रक्सन |
| १७१ | वडा नं ८ मोटरवाटो सरसफाई | ४४४२ | ७८ | ५२ | २६ | 130506 | ए टि सी कन्ट्रक्सन |
| २६८ | ऋषिङपाटन वुढाकोट थारुङ भञ्ज्याङ मोटरमार्ग योजना | ५७१ | ७६ | ५२ | २४ | १३९३७ | मु अ कर समेत रु.१५४८५मा उपभोक्ताको अश १० प्रतिशत कट्टागरी असूल गर्नुपर्ने |
| | जम्मा | ३०८०७ | | | | ९०२२७१ | |

५० **जटिल प्रकृतीका कार्य उपभोक्ता समितीवाट गराएकोः**

सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट गराउन नमिल्ने व्यवस्था रहेको छ। त्यस्तै ९७(५) मा उपभोक्ता समिती वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्याइलर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था रहेकोमा कार्यालयले देहायवमोजिम विभिन्न जटिल प्रकृतीका कार्यहरु समेत उपभोक्ता समिती गठन गरी निर्माण कार्य गरेको देखिन्छ।उपभोक्ता समितीवाट गरेको कार्यमा निर्माण सामाग्री देखि समग्र निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको र उपभोक्ता समितीलाई निर्माणपश्चात उत्तरदायी वनाउन समेत केहि संयन्त्र स्थापना नगरी यस प्रकारका कार्य गराउनु उचित देखिदैन।यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।केही उदाहरण निम्न छन।

| गो भौ नं | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १७५ | वाँसधारी उकोलो प्रगतीटोल देखि धर्म मा वि टोल कालोपत्र योजना | ९९२९२४ |
| २४६ | आर्दशटोल विचवाटो कालोपत्रे योजना | ८१९१६७ |
| १९४ | प्रगतीटोल ख मोटरमार्ग कालोपत्रे योजना | ५३४५१३ |
| २०० | शुभटोल मार्ग क कालोपत्रे निर्माण योजना | १६३७०८९ |
| ३२२ | समावेशीटोल देखि शान्तिनगर निस्कने ढिक सम्मको वाटो कालोपत्रे योजना | ७५८६७६ |
| ५४१ | शुभमार्ग कालोपत्रे योजना निर्माण | ७८४३०० |
| | जम्मा | ५५२६६६९ |

५१

**उपभोक्ताा समितीले निर्माण व्यवसायीमार्फत कार्यः**

सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरवाट गराउन नमिल्ने व्यवस्था रहेको छ। पालिकाले यस आर्थिक वर्षमा उपभोक्ता समितीमार्फत निर्माण गरेका अधिकांश योजनामा निर्माण व्यवसायीको विल संलग्न गरी भुक्तानी गरेको देखिन्छ।पालिकाले रोजगारी सिर्जना हुने श्रममुलक प्रकृतीका कार्य मात्र उपभोक्ता समितीमार्फत गरी वाँकी कार्य प्रतिष्पर्धात्मक तरिकाले वोलपत्रमार्फत गराउनुपर्नेमा सो नगरी उपभोक्ता समिती गठन गरी निर्माण व्यावसायीको विल संलग्न गरी भुक्तानी दिएको देखिन्छ।केहि उदाहरण निम्नानुसार रहेका छन।

| भौ नं | योजनाको ना | निर्माणव्यवसायी | कार्यालयवाटभुक्तानी रकम |
|---|---|---|---|
| १०० | गुरुङ गाउँदेखि रिपहुदै हरिनास जोड्ने सडक | वि आर कन्ट्रक्सन प्रालि | ९७५०० |
| ११८ | गुरुङ गाउँदेखि रिपहुदै हरिनास जोड्ने सडक | वि आर कन्ट्रक्सन प्रालि | ९३४६९ |
| ११७ | रुक्सेदी मोटरवाटोनिर्माण योजना | जयरत्न कन्ट्रक्सनप्रा लि | १४०३८५ |
| १३४ | लोकन्डाँडा नयाँसडकमोटरवाटो निर्माण योजना | वि आर कन्ट्रक्सन प्रालि | ६२४६० |
| १३८ | शान्ति मोटरमार्गयोजना | ध्रुवलक्ष्मीकन्ट्रक्सन | १२८८०६ |
| १४२ | आमा ढाला ठोकेनयाँट्रयाक निर्माण योजना | एल डि एसकट्रक्सन | २३०५५० |
| १४८ | च्यानभन्ज्याङ यार्दीमोटरमार्ग निर्माण योजना | वि आर कन्ट्रक्सन प्रालि | ४३८७५० |
| १५३ | वेलडाँडा लाहालाङ्गरघुखोला नयाँ ट्रयाक निर्माण योजना | आयुष एण्ड अनुसकन्ट्रक्सन | १९५००० |
| १७३ | आधामारा कृषिमोटरमार्ग निर्माण योजना | एल डि एसकट्रक्सन | १९३३६५ |
| १७४ | छापडाँडा सडक नयाँट्रयाक | एल डि एसकट्रक्सन | ९७५०० |
| ३३४ | चिहानपानी जौपानीमोटरमार्ग निर्माण योजना | ध्रुवलक्ष्मीकन्ट्रक्सन | ३९०००० |
| ३३३ | जौपानी भित्री मार्गस्तरोन्नती | ध्रुवलक्ष्मीकन्ट्रक्सन | ३९०००० |
| ३३९ | अर्चलेदेखी लामवोटसम्ममोटरमार्ग निर्माण योजना | आयुष एण्ड अनुसकन्ट्रक्सन | २४३७५० |
| ४१७ | जौपानी शेरावेशीमोटरमार्ग निर्माण योजना | ध्रुवलक्ष्मीकन्ट्रक्सन | ७८०००० |

| | | | | |
|---|---|---|---|---|
| ५२ | | | **ट्याककोटमा वढी भुक्तानीः** भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्यचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालका अन्तर्गत उपभोक्ता समिति मार्फत सम्झौता भई निर्माण कार्य गराएको नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा १ लिटर सम्म ट्याक कोट खर्च लेखि भुक्तानी गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट खपतको ५० देखि ६० प्रतिशत मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा रु १२९४९७।०० बढी भुक्तानी भएको रकम उपभोक्ता समिति बाट असुल हुनुपर्ने रु.... | १२९,४९७ |

| गो भौ नं | योजनाको नाम | प्राइम कोटमा लागेको विटुमिन (लिटर) | ट्याककोट दिएको (लिटर) | ट्याक कोट दिनु पर्ने (लिटर) (६० प्रतिशत) | ट्याक कोट वढी लिएको लिटर | ट्याककोट को दर प्रति लिटर (मुअकर समेत) | उपभोक्ताको अंशपश्चात बढी भुक्तानी (६० प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| १७५ | वाँसधारी उकोलो प्रगतीटोल देखि धर्म मा वि टोल कालोपत्र योजना | ५८७ | ५८७ | ३५२ | २३५ | १०२ | १४३८२ |
| २४६ | आर्दशटोल विचवाटो कालोपत्रे योजना | ८४१ | ८४१ | ५०४ | ३३७ | १०२ | २०६२४ |
| १९४ | प्रगतीटोल ख मोटरमार्ग | ७५८ | ७५८ | ४५४ | ३०४ | १०२ | १८६०४ |
| २०० | शुभटोल मार्ग क निर्माण योजना | १५६७ | १५६७ | ९४० | ६२७ | १०२ | ३८३७२ |
| ३२२ | समावेशीटोल देखि शान्तिनगर निस्कने ढिक सम्मको वाटो निर्माण योजना | ६६४ | ६६४ | ३९८ | २६६ | १०२ | १६२७९ |
| ५४१ | शुभमार्ग योजना निर्माण | ८६७ | ८६७ | ५२० | ३४७ | १०२ | २१२३६ |
| | जम्मा | ५२८४ | ५२८४ | ३१६८ | २११६ | १०२ | १२९४९७ |

५३ | | | ९८,६९९

**ननफाइलरः**

मुल्य अभिवृद्धि कर ऐन,2052 को दफा 14(1) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाइ कर बिजक दिनुपर्ने व्यवस्था छ ।उक्त कर विजकबाट **Taxable VAT Sales** को अशं खरिदमा तिरेको मु.अ.कर घटाइ 25 दिनभित्र सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।तोकिएको समयमा आपुर्तिकर्ताले मुल्य अभिवृद्धि कर दाखिला गर्नुपर्नेमा निर्माण व्यवसायीको **IRD Portal** मा **PAN Search** गर्दा सेवाप्रदायक देहायका सस्थाहरु लामो समयदेखि नन्फाइलर देखिएको छ ।नन्फाइलरलाइ मुल्य अभिवृद्धि कर भुक्तानी हुने समयमा दाखिला नहुने स्थितिले कर राजश्वमा असर पर्ने देखिंदा निम्नलिखित निर्माण व्यवसायीबाट मु.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| भौ नं | योजना | निर्माणव्यवायी | विजक नं | विजक रकम | मु अ कर रकम |
|---|---|---|---|---|---|
| ११७ | लिङ्गलिङ्गकोटमोटरमार्ग निर्माण योजना | एल डि एस कन्ट्रक्सनप्रा लि | १६ | २५०७०० | २८८४१ |
| २६५ | धेजार्दी खानेपानीमोटरमार्ग निर्माण योजना | ध्रुवलक्ष्मीकन्ट्रक्सन प्रा लि | ३० | ६०७२३० | ६९८५८ |
| | | जम्मा | | | ९८६९९ |

५४ | 248 | २०७८-१-१९ | ३३,६९०

**उपभोक्ता समितीको अंश कम भएकोः**

भिमाद नगरपालिकाको उपभोक्ता समिती गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधीको दफा ७(३) वमोजिम कटिङ्ग गरिने योजनाको हकमा लागत सहभागिताको ढाँचा र अनुपात २० प्रतिशत अनिवार्य रहने र अन्य कार्यमा लागत सहभागिता न्युनतम १० प्रतिशत रहने व्यवस्था भएकोमा कार्यालयले ऋषिङपाटन लदन आमडाँडा मोटरवाटो निर्माण कार्यमा रु.३५९०८०।०० को कटिङ्गको काम र वाँकी रु. २०४४९५।०० अन्य

| | | | | |
|---|---|---|---|---|
| | | | काम गरी जम्मा रु. ५६३५७५।०० को कार्यसम्पन्न गरेकोमा उपभोक्ताको अंश १०.४ प्रतिशत वापत रु.५८५७५।०० कट्टा गरी भुक्तानी गरेको देखिन्छ।पालिकाले वनाएको कार्यविधीअनुसार कटिङ्गको अंशको २० प्रतिशत वापत रु.७१८१६।०० र वाँकी अन्य कामको १० प्रतिशत रु.२०४५०।०० गरी जम्मा रु.९२२६५।०० कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु.५८५७५।०० मात्र कट्टा गरी भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम रु.३३६९०।०० सम्वन्धित उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु | |
| ५५ | | | **स्थानीय पुर्वाधार विकास साझेदारीतर्फः**<br>यस कार्यक्रम अन्तर्गत रु ७१४००००। अख्तियारी प्राप्त गरी रु ६८३३८६१। खर्च गरेकोछ । यसमा देखिएको ब्यहोरा निम्नानुसार छन् ।<br>सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९७ (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन । तर, लागत अनुमान तयार गर्दाको समयका हेभी मेशीन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा गाउँपालिकाबाट सहमति लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिनेछ । नियम ९७को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण ब्यवसायी वा सबकन्ट्याक्टरबाट गराउन सकिने छैन भन्ने ब्यवस्था छ । उत्तरदक्षिण मोटर मार्ग छब्दी वारही मन्दिर देखि सिगार भञ्ज्याङ्ग खण्ड स्तरबृद्धि तथा फाँचेथर कोटथर पर्यटकिय पैदलमार्ग निर्माण कार्य वडा नं २ को लागि स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु.१५०००००। विनियोजन भएकोमा रु १३९२२००। खर्च गरेको छ । उक्त कार्यगर्दा कडा चट्टान कटान, कडा माटो र नरम माटो काट्ने खन्ने कामको लागि हेभी मेशिन प्रयोग गरेको देखिन्छ । कार्यको लागि गण्डकी कन्ट्रक्सनसँग समितिले संझौता गरी भ्याकुलोडर मेशिनद्वारा बाटो निर्माण गर्ने काम गरेको देखिन्छ । त्यसै गरी लोकतान्त्रिक मोटर मार्ग निर्माण उपभोक्ता समितिबाट काम गरी स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु. १००००००। विनियोजन भएकोमा रु ९७५०००। र गाउपालिकाबाट रु.१७३३०८ गरी जम्मा रु. १६५७५००। खर्च गरेको देखिन्छ ।सो कार्य गर्नको लागि जितेन्द्र कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि सँग बाटो खन्ने काम संझौता गरी गरेको देखिन्छ ।जटिल प्रकृतीको कार्य भनि सम्बन्धित प्राविधीकको सिफारिस र गाऊपालिकाको सहमति लिएको नपाईएकोले कार्य नियम सम्मत देखिएन । नियमको पालना गरी उपभोक्ता समितीबाट निर्माण कार्य गरिनुपर्दछ ।<br>सोही नियमवालीको नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने ब्यवस्था भएकोमा हाल सम्म कुनैपनि योजना हस्तान्तरण भएको छैन ।नियमको पालना गरी योजना हस्तान्तरण गरी योजनाको दिगोपनको सुनिश्चिता गर्नुपर्दछ । | |
| ५६ | 484 | २०७८-३-२४ | **उपभोक्ताको अंश कट्टी नगरी वढी भुक्तानीः**<br>भिमाद नगरपालिकाको उपभोक्ता समिती गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधीको दफा ७(३) वमोजिम कटिङ्ग गरिने योजनाको हकमा लागत सहभागिताको ढाँचा र अनुपात २० प्रतिशत अनिवार्य रहने र अन्य कार्यमा लागत सहभागिता न्युनतम १० प्रतिशत रहने व्यवस्था भएकोमा कार्यालयले वडा नं १ को सडक तथा भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भार योजना उपभोक्ता समितीलाई कटिङ्गको काम मात्र गरी रु.२९८१८८।०० को मुल्यांकन गरेकोमाउपभोक्ताक अंश १०.०१ प्रतिशत रु. ३००४४।०० मात्र कट्टी गरी भुक्तानी गरेकोले नपुग रु.२९५९४।०० असूल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु. | २९,५९४ |
| ५७ | | | **पुजिँगतवाट चालु खर्चः**<br>एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या २०७४ मा पुँजिगत शिर्षकमा विनियोजित वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ पालिकाले यस आर्थिक वर्षमा भौ नं २७५ वाट वडा नं ३ मा कृषि तालिम तथा कृषि सामाग्री वितरण कार्यक्रम वापतको खर्च जलौदी उद्यमशिल कृषक समुहलाई भुक्तानी गरी रु.१०००००।०० खर्च लेखेको र भौ नं ४९२ वाट वडा नं ७ को कला पाठशालालाई उपभोक्ता समिती गठन गरी एस के साउण्ड लाइट एण्ड म्युजिक स्टोरवाट वाध्यवाधनका सामाग्री खरिद गरी २९९६००।०० खर्च लेखेको छ।यसरी चालु प्रकृतीको खर्च पुँजिगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियमसंगत नदेखिएको रु.... | ३९९,६०० |
| ५८ | | | **जाली तथा ह्युमपाइपको प्रयोग नखुलेकोः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,2076 को दफा 28 अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामानको सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले देहायवमोजिम खरिद गरेको जाली तथा ह्युम पाइप नगर प्रमुखको तोक आदेश तथा विभिन्न विपद्का समयमा वितरण भएको भनी जिन्सी शाखावाट विवरण प्राप्त भएकोमा उक्त जाली तथा ह्युम पाइप सम्वन्धित स्थानमा प्रयोग भए नभएको एकिन गर्न सकिएन।पालिकावाट हस्तारण भएका जालिको विवरण परीक्षण गर्दा विभिन्न उपभोक्ता समितीवाट निर्माण कार्य भई भुक्तानी भएका योजनामा समेत जाली तथा ह्युम पाइप हस्तान्तरण भएको देखिन्छ।यसरी उपभोक्ता समितीलाई समाग्री उपलव्ध गराउँदा दोहोरो गणना समेत हुन सक्ने भएकोले उक्त जाली तथा ह्युम पाइप कहाँ प्रयोग भएको हो र सोको प्रयोग भएको सुनिश्चितता हुने गरी जडान भएको नापि किताव र प्राविधिक मुल्यांकन पेश गर्नुपर्ने रु... | २,१९३,६०२ |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ४ | १४२ थान जाली खरिद 2:1:1 को | ४९७९०७ |
| ६ | 45 cm १२ वटा 60 cmका ८ वटा र 90 cmका ६ वटा गरी कुल २६ वटा ह्युम पाइप | ५९५९६२ |
| २२ प्रकोपतर्फ | 45 cm का २० वटा 60 cmका ८ वटा गरी कुल २८ वटा ह्युम पाइप | ४९७७६५ |
| २३ प्रकोपतर्फ | १२९ जाली खरिद 2:1:1 को | ४९७५५६ |
| ५३० | मदनआश्रीत मोटरमार्ग निर्माण उपभोक्ता समिती ३० थान जाली खरिदको भुक्तानी | १०४४१२ |
| | | २१९३६०२ |

५९

**कार्यालयको काम उपभोक्ता समितीवाटः**

सार्वजनिक खरिद ऐन, २०६३ कोदफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ताआयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फतगराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ।कार्यालयले जनज्योती क्याम्पसको सभाहल छाना मर्मत गर्न भौ नं ३७२ वाट रु.५१८६४२।०० र सोही क्याम्पसको प्रशासनिक भवनको ट्रष्ट निर्माण गर्न छुट्टा छुट्टै उपभोक्ता समिती गठन गरी रु.१४६२५००।०० गरी जम्मा रु.१९८११४२।०० भुक्तानी दिएको देखिन्छ। त्यसै गरी भौ नं ५१० वाट वडा नं ९ को ल्याव कोठा वडा सभाहल तथा कार्यलय परिसर निर्माण गरी रु.९२५२०३।०० उपभोक्ता समितीलाई भुक्तानी दिइएको छ।यसरी उपभोक्ता समितिमार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमाहस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदायमार्फतकार्य गराउनु अनियमित देखिएको रु....

२,९०६,३४५

६०

**मृत्यु पश्चातको वैक निकासाः**

सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई मृत्यू भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले प्रथम चौमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तीको मृत्युपश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु...

| सि नं | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा नं | मृत्यू मिति | वढी वुझेको रकम | वढी वुझेको चौमासिक |
|---|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | सेती आले | २ | ०७७।०६।०२ | ५८०० | प्रथम चौमासिक |
| २ | ज्येष्ठ नागरिक | नहलसिंह थापा | २ | ०७७।०७।०२ | २८०० | प्रथम चौमासिक |
| ३ | ज्येष्ठ नागरिक | मन व विक | ६ | २०७८।०२।३० | ३००० | तेस्रो चौमासिक |
| | जम्मा | | | | ११६०० | |

११,६००

६१

**निस्क्रिय खाताः**

६७१,५४६

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनसुसूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्य निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाइ दिनुपर्ने साथै अनुसुची ८ को बुंदा न १० मा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र सम्बन्धित स्थानीय तहलाइ दिनुपर्ने ब्यवस्था छ । पालिकाले ५ वटा वैक मार्फत सामाजिक सुरक्षा वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा एन एम वि वैकमा ५ जना लाभग्राहीले एक आर्थिक वर्षसम्म पनी सुरक्षा भत्ता वापतको रकम ननिकालेका र उक्त खातामा रु.९८४००।०० रहेको तथा मुक्तिनाथ विकास वैकमा ७४६ खाता निस्कृय रहेको र उक्त खातामा रु.५७३१४६।०० रकमको खाता निष्क्रिय रहेको वैकवाट प्रमाणित विवरण पालिकामा प्राप्त भएको छ।उल्लिखित निस्क्रिय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहिहरु सम्वन्धमा सम्वन्धित वडाबाट एकिन गरी नभएको अवस्थामा खातामा निस्क्रिय रहेको रकम असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु....

६२

संम्परीक्षण

**अनुगमन तथा सम्परीक्षण–** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । बाँकी बेरुजु समेत फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गर्नुपर्दछ । हालसम्मको कुल बेरुजुको स्थिति देहायअनुसार छः

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) | यो वर्षको बेरुजू (D) | संपरीक्षणबाट कायम बेरुजू (E) | अध्याविधक बाँकी बेरुजू (F=C+D+E) |
|---|---|---|---|---|---|
| 9048 | 9005 | 43 | 10571 | 0 | 10614 |

यस वर्ष फछ्र्यौट भएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ

<table>
<tr><th>बेरुजुको दफा नं,आ.व.</th><th>बेरुजुको संक्षिप्त व्यहोरा</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td>१६, (075.76)</td><td>मापदण्ड तयार नगरी आर्थिक सहायता भुक्तानी गरिएको नियम सम्मत नदेखिएको</td><td>लेखा समितिको र आठौं नगरसभाको निर्णयवाट नियमित गरिएको</td><td>598700</td></tr>
<tr><td>36.1, (075.76)</td><td>पालिकालाई आवश्यक औषधी खुला प्रतिस्पर्धा नगरी रु.12,81,308।— औषधि खरिद गरेको नियम संगत नदेखिएको</td><td>लेखा समितिको र आठौं नगरसभाको निर्णयवाट नियमित गरिएको</td><td>1281308</td></tr>
<tr><td>6, (076.77)</td><td>विभिन्न ६ पदमा १० जना करार नियुक्ती गरी वर्षभरिमा रु.22,62,330।— भुक्तानी भएको अनियमित देखिएको</td><td>लेखा समितिको र आठौं नगरसभाको निर्णयवाट नियमित गरिएको</td><td>2262330</td></tr>
<tr><td>9, (076.77)</td><td>पदाधिकारीहरुलाई इन्धनको सुविधा ९ महिनाको मात्र भुक्तानी गर्नुपर्नेमा १२ महिनाकै भुक्तानी भएको असुल गर्नुपर्ने</td><td>बेरुजु रकम पदाधिकारीहरुको नियमित सुविधावाट कट्टि गरी बैंक दाखिला गरिएको</td><td>84000</td></tr>
<tr><td>२२, (076.77)</td><td>भुक्तानीको क्रममा नगरपालिकाले मुअकर रकम 50% कट्टा गरी सम्बन्धित राजश्व शिर्षकमा दाखिला गरेकोले बाँकी हुन आउने रु.6,02,549।05 को मुअकरदेहायका फर्मले कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><td>भुक्तानी पाउनेको नाम</td><td>मु.अ.कर रकम रु.</td></tr>
<tr><td>अमर कन्स्ट्रक्सन</td><td>731164.5</td></tr>
<tr><td>एस आर निर्माण सेवा एन्ड सप्लायर्स</td><td>473933.6</td></tr>
<tr><td>जम्मा</td><td>1205098.1</td></tr>
<tr><td></td><td></td></tr>
</table></td><td>सम्बन्धित आन्तरिक राजश्व कार्यालयको मुअकर समायोजन पत्र पेश भएको</td><td>1205098.1</td></tr>
<tr><td>25, (076.77)</td><td>बढी भुक्तानी भएकोले रकम असुल गरी नगरपालिकाको संचितकोष खातामा दाखिला गर्नुपर्ने रु.</td><td>बेरुजु रकम बैंक दाखिला</td><td>1500</td></tr>
<tr><td>29<br>(076.77)</td><td>दोहोरो मुअकर भुक्तानी: मु.अ.कर. रु.3255।— थपी भुक्तानी दिएकोले सो बढी भुक्तानी दिएकोले सो बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.</td><td>बेरुजु रकम बैंक दाखिला</td><td>3255</td></tr>
<tr><td>30<br>(076.77)</td><td>मु.अ.कर भुक्तानीः- निर्माण सामाग्रि खरिद गर्दा उपभोक्ताले जिल्ला दररेट भन्दा कम दरको मुअकर विजक पेश गरी बढी भुक्तानी लगेको रकम समितिवाट असुल हुनुपर्ने रु.
<table>
<tr><td>निर्माण कार्यको विवरण</td><td>उ.भो. लाई बढी भुक्तानी मुअकर श्रमदान अंश पछि</td></tr>
<tr><td>जनज्योती मा.वि. नयाँ घेरावार सिमेन्टमा</td><td>1866।-</td></tr>
<tr><td>धर्म मा.वि. सिमेन्टमा</td><td>3404।-</td></tr>
<tr><td>हिमालय मा.वि. सिमेन्टमा</td><td>4405।-</td></tr>
<tr><td>बुचाखानी मा.वि. इट्टामा</td><td>6323।-</td></tr>
<tr><td>जम्मा</td><td>15,998।-</td></tr>
</table></td><td>बेरुजु रकम बैंक दाखिला</td><td>15998</td></tr>
<tr><td>34<br>(076.77)</td><td>नगरपालिकामा 14 वटा मा वि लाई र 29 वटा आ वि लाई जम्मा रु. 5,00,000।— लेखापिरक्षणको लागि निकासा दिइएकोमा लेखापरिक्षण प्रतिवेदन पेश नभएकोले लेखापरिक्षण प्रतिवेदन पेश गर्नुपर्ने, रु.</td><td>लेखा परिक्षण प्रतिवेदन प्राप्त भएको</td><td>500000</td></tr>
<tr><td>37<br>(076.77)</td><td>सामाजिक सुरक्षा तर्फ बढी निकासाः-<br>जेष्ठ नागरिक यम बहादुर बँशिलाई सामाजिक सुरक्षा भत्ताको रकम बढी निकासा भएको रु.</td><td>बेरुजु रकम बैंङ्क दाखिला</td><td>8000</td></tr>
<tr><td>44<br>(076.77)</td><td>सोझै खरिदः- पालिकाले यो वर्ष विभिन्न मितिमा रु. 5 लाख नबढ्ने गरी पुँजिगत शिर्षकको फर्निचर तथा फिक्चर्समा रु. 12,16,000।— र कार्यालय सामानमा रु. 17,68,000।— गरी रु. 29,84,000।— को सामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाएको सोझै खरिद गरेको अनियमित देखिएको रु.</td><td>लेखा समितिको र आठौं नगरसभाको निर्णयवाट नियमित गरिएको</td><td>2984000</td></tr>
<tr><td>24<br>(076.77)</td><td>उपभोक्ता समितिलाई खरिदमा मु.अ.कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोही बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा बढी भुक्तानी भएको मु.अ.कर असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.</td><td>बेरुजु रकम बैंक दाखिला</td><td>61062.78</td></tr>
</table>


https://nams.oag.gov.np

| कार्यक्रम | घटी मु.अ.कर रकम रु |
|---|---|
| कटनछाप मोटरमार्ग पक्की नाला निर्माण तथा बाटो विस्तार योजना वडा नं.9 | 5600.45 |
| डुम्रिस्वाँरा कथर्दी नयाँ ट्र्याक निर्माण योजना वडा नं. ४ | 1680.51 |
| छालुङ्ग मोटरमार्ग नयाँ ट्र्याक वडा नं. 1 | 2131.59 |
| टुकमराङ्ग ढापखोला मोटरमार्ग नयाँ ट्र्याक निरमाण उ.स. वडा नं. 8 | 4995.51 |
| रातामाटा कुँढाली नयाँ ट्र्याक उ.स. वडा नं. 1 | 3314.3 |
| भिम मसरडाँडा मोटरमार्ग उ.स. वडा नं. 7 | 5781.57 |
| सम्धी खोला हुँदै मैदिखोला मोटरमार्ग योजना वडा नं. 2 | 8513.16 |
| माझकोट लोकतान्त्रिक मोटरमार्ग उ.स. वडा नं. 3 | 2288.23 |
| बोमा भानिश्वर नयाँ ट्र्याक निर्माण योजना उ.स. वडा नं. १ | 5418.04 |
| मैदी मोटरमार्ग निर्माण योजना वडा नं. 4 | 2487.27 |
| दुम्सादी फाँट मोटरमार्ग नयाँ ट्र्याक निर्माण योजना वडा नं. ५ | 9224.84 |
| भिम देउराली मोटरमार्ग उ.स. समिति वडा नं. 7 | 9627.31 |
| जम्मा | 61062.78 |

| | | | |
|---|---|---|---|
| | | | 9005251.88 |